आर्थिक वर्ष २०७६/७७ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि ७ सम्म प्रस्तुत गरिएको छ। यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत तथा स्रोत अनुसूचीहरूमा समावेश गरिएको छ।

# परिच्छेद ३
# आर्थिक क्षेत्र

## ३.१ आर्थिक मामिला तथा योजना

### १. पृष्ठभूमी

संविधानले कर र राजस्वका श्रोत र सार्वजनिक वित्तको परिचालनमा समबन्धमा प्रदेशको अधिकार क्षेत्र किटान गरेको छ। उक्त अधिकारहरूको प्रभावकारी उपयोगबाट प्रदेशको समग्र विकास, प्रशासनिक तथा सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पुरा गर्न सकिन्छ। उपलब्ध आन्तरिक स्रोतसाधनको परिचालनमा जोड दिई आन्तरिक राजस्वको परिचालनलाई सवल र दिगो बनाउनुका साथै आर्थिक सामाजिक रूपान्तरणका लागि लगानीका क्षेत्रहरू निर्धारण गरी विकासलाई अगाडि बढाउन विकास कार्यक्रमको प्राथमिकीकरण गरी योजनाबद्ध रूपमा अगाडि बढाउन अपरिहार्य छ। सार्वजनिक खर्च परिचालनलाई मितव्ययी बनाउँदै विकास निर्माण र पुँजी परिचालनमा तहगत सरकारहरूका साथै निजी, सहकारी तथा सामुदायिक समन्वय, सहकार्य, सह-वित्तीयकरण र साझेदारी गर्दै तिब्र आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समावेशी विकास गर्नपर्ने हुन्छ। प्रदेशको तिब्र आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समृद्धिका लागि भौतिक तथा सामाजिक पूर्वाधार विकास र सबैको सार्वजनिक सेवा, स्रोत, उत्पादन र रोजगारीमा पहुँच आवश्यक हुन्छ। यसका लागि स्पष्ट सोच सहितको योजनाबद्ध रणनीतिक हस्तक्षेप आवश्यक हुन्छ। तथ्यपरक योजना तर्जुमा र जवाफदेहिता पूर्ण अनुगमन तथा मूल्याङ्कन पद्दतिबाट मात्र यो सम्भव हुने भएकोले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम र तथ्याङ्कीय आधार जस्ता प्रणाली र उपकरणको विकास गरी संस्थागत गर्नुपर्ने आवश्यकता यस क्षेत्रमा रहेको छ।

### २. चुनौति तथा अवसर

#### चुनौति

उपलब्ध स्रोतसाधनको कुशल विनियोजन तथा दिगो व्यवस्थापन गरी समन्यायिक विकास र वितरण सुनिश्चित गर्नु, गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्रोत व्यवस्थापन गर्नु, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी पूँजी र श्रमको उत्पादकत्वमा वृद्धि गर्नु, अर्थतन्त्रको औपचारिकीकरण गर्नु, आर्थिक उपलब्धीको समन्यायिक वितरणको सुनिश्चितता गर्नु, आर्थिक क्षेत्रका प्रमुख चुनौतिका रूपमा रहेका छन्। यसैगरी, प्राकृतिक श्रोतको वैज्ञानिक व्यवस्थापन उपयोग, तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा को लागि तथ्यांकीय आधार तयार गर्नु, विकास आयोजना तथा करार व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु आदि योजना तथा आयोजना क्षेत्रका थप चुनौतिका रूपमा रहेका छन्।

#### अवसर

मुलुकको राजनीतिक संरचनात्मक रूपान्तरणले ल्याएको विकासको विकेन्द्रीकरण, मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको अवस्था, उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरताजस्ता प्राकृतिक स्रोतहरूको उपलब्धता, कृषि, सिंचाइ तथा जलविद्युतको प्रचुर सम्भाव्यता, सम्भाव्य स्रोत साधनको पहिचान, दायरा विस्तार तथा परिचालन जस्ता पक्ष यस प्रदेशका प्रमुख अवसरका रूपमा रहेका छन्। साथै राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिंचाइ

आयोजना निर्माणको क्रममा रहेको, सेती लोकमार्ग, मध्य पहाडी लोकमार्ग, छेला औद्योगिक क्षेत्र, बुढीगंगा जलविद्युत आयोजना र सोबाट उपलब्ध हुने रोजगारीका अवसर, बजार विस्तार तथा अन्य प्रदेशसँगको आवद्धतालाई आर्थिक सामाजिक विकासमा उपयोग गर्ने अवसर पनि रहेको छ।

## ३. सोच

वित्तीय क्षेत्रको विकास र प्रभावकारी वित्त व्यवस्थापन द्वारा समृद्ध प्रदेश निर्माण (अर्थ)।

गतिशील योजना तर्जुमा तथा आयोजना व्यवस्थापन प्रणाली मार्फत सार्वजनिक व्यवस्थापनमा सुशासन अभिवृद्धि (योजना तथा आयोजना)।

## ४. उद्देश्य

१. आर्थिक वृद्धि, रोजगारी सृजन एवं पूँजी निर्माणमा योगदान पुग्ने गरी कुशल एवं प्रभावकारी रूपमा सार्वजनिक वित्त परिचालन गर्नु।

२. स्थानीय समुदायसम्म वित्तीय पहुँच सुनिश्चित गरी पुँजी निर्माण एवम् अर्थतन्त्रको औपचारिकीकरण गर्नु।

३. प्रादेशिक योजना तथा तथ्यांक प्रणाली र आयोजना अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी संस्थागत गर्नु।

४. आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र छनौट तथा कार्यान्वयन अनुमानयोग्यता कायम गर्न सूचना प्रविधि प्रणालीमा आधारित प्रादेशिक आयोजना बैङ्कको स्थापना गर्नु।

## ५. रणनीति

१. राजस्व वृद्धिको समुचित वातावरण तयार गरी राजश्व परिचालनका लागि एकीकृत सरल कर प्रणाली र उपयुक्त संगठन संरचनाको विकास गर्ने।
२. विनियोजन दक्षता र संचालन कुशलता मार्फत उच्च प्रतिफल दिने क्षेत्रमा लगानी केन्द्रित गर्ने।
३. वित्तीय व्यवस्थापनमा आर्थिक अनुशासन तथा जवाफदेहिता प्रर्वद्धन गर्ने।
४. तहगत सरकार र निजी, सहकारी तथा सामुदायिक क्षेत्रबीच उपलब्ध स्रोतको महत्तम उपयोग गर्न सहवित्तीयकरण, समन्वय र सहकार्य गरी उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने।
५. स्थानीय स्तर तथा जनसमुदायसम्म वित्तीय पहुँच सुनिश्चित गर्ने।
६. प्रादेशिक योजना तथा तथ्यांक प्रणालीलाई सूचना तथा प्रमाणमा आधारित तथ्यपरक बनाउने।
७. प्रदेशको आवश्यकता, समस्या, सम्भाव्यता र आयोजनाको कार्यान्वयनयोग्यताको आधारमा आयोजनाको पहिचान, विश्लेषण, छनौट, प्राथमिकीकरण र स्तरीकरण गरी प्रादेशिक आयोजना बैंकमा समावेश गर्ने।
८. आयोजना अनुगमन तथा मूल्याङ्कनमा व्यवस्थापकीय जवाफदेहिताको पक्ष समेटी परिणाममुखी बनाउने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | प्रादेशिक आवधिक योजना तर्जुमा | संख्या | – | १ अवधारणा पत्र | १ पूर्ण दस्तावेज | – | – |
| २. | प्रादेशिक आवधिक योजना प्रकाशन | प्रति | – | – | १००० | ५०० | ५०० |
| ३. | मध्यमकालीन खर्च संरचना तर्जुमा र प्रकाशन | प्रति | – | ५०० | ५०० | ५०० | ५०० |
| ४. | वार्षिक विकास कार्यक्रम तयारी र प्रकाशन | प्रति | – | ५०० | ५०० | ५०० | ५०० |
| ५. | प्रादेशिक आधार रेखा तथ्याङ्क सर्भेक्षण | संख्या | – | – | १ | – | – |
| ६. | प्रदेशको आर्थिक क्षेत्र सम्बन्धी नीति तर्जुमा | संख्या | – | | ३ | २ | १ |
| ७. | प्रदेश आयोजना बैङ्क स्थापना | संख्या | – | – | १ प्रारम्भिक | पूर्णताको लागि निरन्तर | पूर्णताको लागि निरन्तर |
| ८. | आयोजना अनुगमन तथा मूल्याङ्कन | संख्या | – | | १० | १० | १० |
| ९. | प्रादेशमा लगानी सम्बन्धी गोष्ठी सञ्चालन | संख्या | – | | २ | २ | ३ |
| १०. | क्षमता विकास तालिम | जना | – | | १५० | १५० | १५० |
| ११. | प्रदेश लगानी बोर्ड गठन | संख्या | - | ऐनको प्रारम्भिक खाका तयार भएको | १ | | |
| १२. | लगानी प्रवर्द्धन कार्यक्रम | संख्या | - | - | ५ | ७ | ९ |

## ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. हजारमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०७६/७७ | ४७७८६३ | ४२११७३ | ५६६९० | - | - | ४७७८६३ | - |
| २०७७/७८ | ४९३३३३ | ४३३८०८ | ५९५२५ | - | - | ४९३३३३ | - |
| २०७८/७९ | ५०९९१८ | ४४६८२२ | ६३०९६ | - | - | ५०९९१८ | - |

## ८. कार्यक्रम ⁄ आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३०५०००११ | स्वरोजगार विकास कार्यक्रम | स्वआर्जनको माध्यमबाट रोजगारी र आयआर्जन वृद्धि तथा गरिवी न्यूनीकरण | सालबसाली | | रोजगारमूलक तालिम प्रदान गर्ने<br>बिनाधितो कोष मार्फत ऋण प्रवाह गर्ने | प्रतिवर्ष २ हजार नयाँ उद्यमी सिर्जना हुने । |
| ३०५०००११ | तथ्यांक सुदृढिकरण कार्यक्रम | प्रदेशको आर्थिक सामाजिक क्षेत्रको खण्डीकृत तथ्यांक संकलन | सुरुः २०७५ मङ्सिर<br>अन्त्यः २०७७ असार | ४०० | - | प्रदेशको आर्थिक, सामाजिक खण्डीकृत तथ्यांक तयार भएको हुने । |
| ३०५०००११ | प्रथम पञ्च वर्षीय योजना निर्माण | सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पन्च वर्षीय योजना तयार | सुरुः२०७५ श्रावन सम्पन्नः २०७७ असार | १५० | - | सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना तयार भएको हुने । |
| ३०५०००११ | प्रदेश आयोजना बैङ्क स्थापना | आयोजना प्रथामिकीकरण गरी आयोजना बैंकमा प्रविष्टि | सुरुः २०७६ जेठ निरन्तर | - | - | प्रदेश आयोजना बैङ्क तयार भएको हुने। |
| ३०५०००११ | प्रदेश लगानी बोर्ड गठन | प्रदेशमा स्वदेशी विदेशी लगानीको व्यवस्थापन | सुरुः २०७६ पौष निरन्तर | - | - | प्रदेश लगानी बोर्ड गठन भई कार्यारम्भ भएको हुने । |

## ९. जोखिम तथा अनुमान पक्ष

प्रदेश सरकारको कार्य सम्पादनमा आवश्यक पर्ने ऐन, कानून समयमै तर्जुमा हुने, विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्तिको उपलब्धता र सार्वजनिक वित्त परिचालनमा प्रादेशिक निकाय र प्रदेश भित्रका स्थानीय तहहरूको वित्तीय जवाफदेहिता, सक्रियता तथा समन्वय सकारात्मक रहेमा लक्षित उपबल्धिहरू हासिल हुने देखिन्छ।

## ३.२ उद्योग, पर्यटन, वन तथा वातावरण

### ३.२.१ वन तथा वातावरण

### १. पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहने देखिन्छ। प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरूको आपूर्तिका साथै, पशुपालन, कृषि पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ। वनबाट हाम्रो करिब ७० प्रतिशत ईन्धन, झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ। जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक–सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको योगदान प्रत्यक्ष रहेको हुँदा वन क्षेत्र राष्ट्रिय तथा प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ।

सन् २०१५ को वनस्रोत सर्वेक्षणअनुसार यस प्रदेशमा वनले ढाकेको भागको क्षेत्रकुल ४८.७ प्रतिशतबाट बढेर ५७.९ प्रतिशत पुगेको छ। विशेष गरी पहाडी क्षेत्रमा वनले ढाकेको भू–भागमा वृद्धि भएको छ भने झाडी बुट्यानले ढाकेका क्षेत्रहरू वन क्षेत्रमा रूपान्तरित हुनुका साथै वनक्षेत्रबाहिरको भू–भागमा समेत वनको वृद्धि भएको छ। यस प्रदेशको कुल भू–भागको २३७१.५ वर्ग किलोमिटर संरक्षित क्षेत्र रहिआएको छ। यसले प्रदेशको ६.८९ प्रतिशत (खप्तड रा.नि., शुक्लाफाँटा रा.नि. र अपिनाम्पा संरक्षण क्षेत्र) भू–भाग ओगटेको छ। साथै यस प्रदेशमा पाइने मूख्य बन्यजन्तु प्रजातिमा बाह्रसिंगा,गैंडा, बाघ, हात्ती, डल्फिन, कस्तुरी मृग, रतुवा, घोरल, चित्तल, हिउँचितुवा, रातो बाँदर, लगुना, मगर तथा घडियाल गोही, शालक लगायतका प्रजातिहरूको संरक्षणका लागि विशेष पहल र प्रयासहरू भइरहेका छन्। हिमाल पहाड र तराई मिश्रित यस प्रदेशमा माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुऱ्याउने एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू–जलाधार संरक्षण एवम् व्यवस्थापनको कार्य भइरहेको छ।

यस प्रदेशमा समुदायमा आधारित वन व्यवस्थापन पद्दति (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षणक्षेत्र, संरक्षित वन, कबुलियती वन आदि) अवलम्बन भई आएको छ। हालसम्म यस प्रदेशमा ३१९५ वटा सामुदायिक वन, १०८७ वटा कबूलियती वन, ३७ वटा धार्मिक वन, ६ वटा संरक्षित वन (४ वटा प्रस्तावित समेत गरी), २ वटा साझेदारी वन र १९४ वटा निजी वन समुदायद्वारा तथा सरकारद्वारा व्यवस्थापन भैरहेको छ।

### २. चुनौति तथा अवसर

सुदूरपश्चिम प्रदेशमा कुल भु भागमध्येको १०,१०,२०७ हेक्टर वन तथा १,३५,९०० हेक्टर वुट्यान क्षेत्र रहेको छ। जैविक विविधताले सम्पन्न यस प्रदेशमा वन क्षेत्रकोअतिक्रमण, चोरी निकासी, लोपुन्मुख प्रजातिका अङ्गहरू तस्करी, गैरकानूनी रूपमा खानी उत्खनन् कार्य आदि समस्याको रूपमा रहेका छन्। त्यसैगरी चुरेको अत्याधिक दोहनका कारण नदीजन्य समस्याहरू, भू-क्षय तथा तराईमा खानेपानीको समस्या आदि विकराल रूपमा देखिँदै आएको छ। सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरू जस्तै बैतडी, कञ्चनपूर, डोटी अदि क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व समस्याको रूपमा रहेको छ। जलवायु परिवर्तन, डढेलो, खडेरी तथा अति वृष्टी जस्ता समस्याहरुका कारण महत्वपूर्ण जैविक विविधतामा ह्रास आउँन सक्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा नेपालको प्रतिवद्धता अनुसारका कार्यका लागि नीति, कानून र कार्यक्रमहरू स्पष्ट पार्नु, यसका साथै सङ्घीय राजनीतिक व्यवस्था बमोजिम सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०६५ को प्रभावकारी कार्यान्वयन गर्नु, वन क्षेत्रबाट उत्पादनहुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्ने शासकीय सुदृढीकरण गर्दै जनताको आधारभूत आवश्यकताहरू (काठ, दाउरा, घाँस, स्याउला)को आपूर्तिलाई समुदायस्तर देखि राष्ट्रियस्तरसम्म व्यवस्थापन गर्नुका साथै सरोकारवालासँग सहकार्य गरी वनको

दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौति हुन्। काष्ठ तथा गैह्काष्ठ वन पैदावारको उचित व्यवस्थापन, उपयोग तथा सँरक्षण, वर्षेनी भैरहने वन डढेलो नियन्त्रण, मानव वन्यजन्तु द्वन्द्वको न्यूनीकरण, प्रदेशभित्र रहेका जलाधार क्षेत्रहरूको पहिचान, एकीकृत जलाधार व्यवस्थापन गर्दै नदी-कटान नियन्त्रण, भू-क्षय नियन्त्रण, अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु चुनौतिपूर्ण छ।

वनको वैज्ञानिक व्यवस्थापन मार्फत वनको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि तथा प्रदेशको राजश्व वृद्धिको अवसर, पहाडी तथा उच्च पहाडी क्षेत्रमा पाइने महन्वपूर्ण तथा बहुमूल्य प्रजातिका जडिबुटीहरूको दिगो व्यवस्थापन तथा बजारीकरण मार्फत आम्दानी बढाउने र जडिबुटीमा आधारित उद्योग निर्माण गर्न सकिने सम्भावना, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, अपिनाम्पा संरक्षण क्षेत्र, घोडाघोडी ताल, रामारोशन, बडीमालिका, अपि हिमाल र सैपाल हिमाल जस्ता प्राकृतिक, धार्मिक र साँस्कृतिक महत्वका क्षेत्रमा पर्यापर्यटनको विकासको अवसर, वन क्षेत्रबाट प्राप्त हुने वस्तु तथा सेवाको विविधीकरण गरी वातावरणीय सेवाको भूक्तानीको प्रणाली विकासको अवसर र महत्वपूर्ण जलाधार क्षेत्रहरूको उपलव्धता आदि अवसरको रुपमा रहेका छन ।

## ३. सोच

समृद्ध वन, जलाधार तथा जैविक विविधता, सुखि प्रदेशबासी।

## ४. उद्देश्य

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरी आयआर्जन तथा रोजगारीका अवसर सृजना गर्ने।
२. जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाटप्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु।
३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षणर व्यवस्थापन गर्नु।

## ५. रणनीति

१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने।
२. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमास्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूको विकास गर्ने।
३. दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलनकायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुर्याउने।
४. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।
५. प्रादेशिक पर्यावरणलाई सन्तुलित बनाउँदै प्रदेशमा व्याप्त मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ | २०७५/७६ | मध्यकालीन लक्ष्य |
|---|---|---|---|---|---|

| | | | सम्मको उपलब्धि | को अनुमानित उपलब्धि | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|
| १. | रोजगारी सृजना | जना हजारमा | - | ३०४० | ३३४४ | ३६७८ | ४०४६ |
| २. | वन क्षेत्रबाट अनुमानित राजस्व रकम | रु. करोड | - | १७.४४९ | १९.१९ | २१.११ | २३.२२ |
| ३. | समुदायमा आधारित वन व्यवस्थापनका लागि समूह गठन तथा वन हस्तान्तरण | गोटा | - | १८ | २० | २० | २० |
| ४. | बिरुवा उत्पादन | गोटा (लाखमा) | - | १४ | १८ | २० | २२ |
| ५. | वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफल | हेक्टर | - | ६९.३३ | १०० | १५० | १६० |
| ६. | वन उद्यमको विकास तथा प्रवर्द्धन सहयोग | गोटा | - | २३ | २८ | ३० | ३२ |
| ७. | पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन | गोटा | - | ५७ | ६० | ७० | ८५ |
| ८. | पहिरो व्यवस्थापन | गोटा | - | ९१ | १०२ | ११० | १२० |
| ९. | तल्लो तटीय नदी क्षेत्रमा रिभेटमेन्ट तथा तटबन्ध निर्माण | कि.मी. | - | ८ | १५ | २२ | ३४ |
| १०. | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | - | १३ | ४५ | ५५ | ६५ |

## ३.२.२ उद्योग, वाणिज्य तथा पर्यटन

### १. पृष्ठभूमि

सुदुरपश्चिम प्रदेशमा हालसम्ममा उत्पादनमूलक ४३७५, ऊर्जामूलक ६, कृषिजन्य ५१६६, पर्यटन सम्बन्धी १६२२, सेवामूलक ९०३४ र निर्माण सम्बन्धी २८७ गरी जम्मा २०४६८ उद्योग दर्ता भई संचालनमा रहेका छन्। कृषि तथा वनजन्य कच्चा पदार्थको उपलव्धता रहेकोले साना तथा मझौला उद्योग स्थापनाको प्रशस्त सम्भावना रहेता पनि हालसम्म ठुला उद्योगहरू खुल्न नसक्दा यस क्षेत्रको औद्योगिक विकास अपेक्षित रुपमा हुन सकेको छैन । प्रशोधन तथा तयारी माल उत्पादन गरी निकासी गर्न सकेमा स्थानीयस्तरमा रोजगारी श्रृजना हुने, उत्पादित बस्तुको मूल्य वृद्धि हुनुका साथै प्रदेशको आयमा वृद्धि हुने देखिन्छ।

औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामहरू स्थापना गर्ने, ठुला उद्योग संचालनका लागि निजी क्षेत्रलाई लगानीको वातावरण श्रृजना गर्न कानून तर्जूमा गर्ने, सार्वजनिक निजी साझेदारीमा उद्योगहरू संचालन गर्ने, साना तथा मझौला उद्योगहरू संचालनका लागि सीप, प्रविधी तथा पुंजिगत अनुदान समेत उपलब्ध गराउने नीति प्रदेश सरकारले लिएको छ। त्यसैगरी स्थानीय कच्चा पदार्थको अधिकतम सदुपयोग गरी स्थानीय जनताको जिविकोपार्जनमा टेवा पुऱ्याउनका लागि विपन्न तथा पिछडिएका जनताहरूलाई आवश्यक सीप तथा प्रविधि हस्तान्तरण गर्ने गरी लघु उद्यम प्रबर्द्धनलाई जोड दिईएको छ ।

प्रदेशमा उद्योग र वाणिज्य तथा आपूर्ति सम्बन्धी सेवा प्रवाह गर्नका लागि संरचनागत हिसाबले यस मन्त्रालयमा उद्योग बाणिज्य तथा आपूर्ति महाशाखा, मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय र जिल्ला

स्तरमा २ वटा घरेलु तथा साना उद्योग विकास कार्यालयहरू (कैलाली र कञ्चनपुर) र ७ वटा घरेलु तथा साना उद्योग विकास समितीहरू (डडेलधुरा, बैतडी, डोटी, बझाङ, बाजुरा, अछाम र दार्चुला) क्रियाशील रहेका छन्। उपभोक्ता अधिकारको सुनिश्चित गर्दै नियमित रूपमा बजार अनुगमन गरी कालोबजारी नियन्त्रण गर्ने र ग्रामिणस्तरमा सहुलियत तथा सुपथ मूल्यका पसलहरू संचालन गरी दुर्गम क्षेत्रका विपन्न जनताहरूलाई सहुलियत प्रदान गर्न शुरुवात गरिएको छ। त्यसैगरी खाद्य तथा नुन डिपोको स्थापना गरी ग्रामिण तथा दुर्गम क्षेत्रका जनताहरूलाई खाद्य सुरक्षाको प्रत्याभूति गर्न आवश्यक कार्य प्रारम्भ गरिएको छ ।

सुदुरपश्चिम प्रदेश पर्यटनको प्रशस्त सम्भाबना बोकेको प्रदेश भएता पनि यस क्षेत्रमा रहेका प्रमुख पर्यटकीय गन्तब्यहरू (बडिमालिका, रामारोशन, खप्तड, शुक्लाफांटा, कर्णाली, उग्रतारा, शैलेश्वरी, मालिकार्जुन, त्रिपुराशुन्दरी लगायत यस क्षेत्रका सांस्कृतीक सम्पदाहरू आदि) हरूको पर्याप्त विकास तथा प्रचार हुन नसकेको कारणले गर्दा पर्यटकहरूलाई भित्र्याउन सकिएको छैन। साथै पर्यटन क्षेत्रबाट प्राप्त हुन सक्ने संभाब्य स्थानीय तथा प्रादेशिक आम्दानी र रोजगारी समेत गुमिरहेको छ। प्रदेश सरकारले यस प्रदेशमा रहेका सात देवीहरू (बझाङ्गको सुरमादेवी, बाजुराको बडिमालिका, बैतडीको त्रिपुरासुन्दरी र निङ्गलाशैनी, डोटीको शैलेश्वरी, डडेलधुराको उग्रतारा भगवती र दार्चुलाको मालिकार्जुन) तथा पांच वटा मुख्य करिडोरहरू (१. महाकाली करिडोर २. कर्णाली करिडोर ३. डोटी देखी अछाम सम्मको करिडोर ४. टिकापुर देखि डोटी हुंदै तिब्बत जोड्ने करिडोर ५. झुलाघाट देखि बझाङ्ग हुंदै बाजुरा सम्मको करिडोर) लाई मुख्य केन्द्रबिन्दु बनाएर पर्यटकीय विकास गर्ने प्रयास गरिएको छ। उक्त करिडोर अन्तर्गत धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा साहसिक लगायतका संभाब्य पर्यटकीय विकासका पूर्वाधारहरूको प्राथमिकताका आधारमा विकास गर्ने सम्भावना रहेको छ।

पर्यटन क्षेत्रको विकासको लागि निजी क्षेत्रको संलग्नता बढाउनको लागि उपयुक्त नीति निर्माण गरी पर्यटन व्यवसायमा संलग्न हुने निजी क्षेत्रलाई सहुलियतको व्यवस्था गरिने छ। यसैगरी यस क्षेत्रमा रहेका जाती अनुसारको संस्कृतीहरूको संरक्षण तथा प्रबर्द्धन गर्नुका साथै ग्रामिण स्तरमा होमस्टे संचालन र शहरी क्षेत्रमा सुविधायुक्त होटल तथा लजहरूको प्रबर्द्धनमा बिशेष जोड दिईने छ। प्रदेशमा पर्यटन सम्बन्धी सेवा प्रवाह गर्नको लागि मन्त्रालय मातहतमा प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाई गठन भै कार्य संचालन भै रहेको छ।

## २. चुनौति तथा अवसर

अन्तराष्ट्रिय सन्धि सम्झौतामा नेपालको प्रतिवद्धता अनुसारका कार्यका लागि नीति, कानून र कार्यक्रमहरू स्पष्ट पार्नु, उद्यमशीलता, पुंजी र औद्योगिक पूर्वाधारको आधार तयार पार्नु, दुर्गम ग्रामिण ईलाकाहरूमा बस्तु तथा सेवाको नियमित आपूर्ति र आपतकालीन आपूर्ति व्यवस्थाका लागि संस्थागत संरचनासहितको पूर्वाधार तयार पार्नु, कृषि, पर्यटन जस्ता क्षेत्रहरूलाई उद्योगको रूपमा विकास गर्नु, उपभोक्ता सचेतना बजार सूचना प्रणालीको व्यवस्थापन गर्नु, प्रदेशको वाणिज्य तथ्यांक सहित व्यवसायिक क्षेत्रमा संलग्नहरूको सीप र कौशलता अभिवृद्धि गर्नु चुनौतिपूर्ण छ। पर्यटक आकर्षण बढाउन प्रतिस्पर्धात्मक क्षमतायुक्त गन्तब्यहरूको विकास र प्रवर्द्धन गर्नु, पर्यटकीय पूर्वाधारहरूको विकास गरी गुणस्तरीय पर्यटक आगमनमा वृद्धि गर्नु, पर्यटन उद्योगमा निजी क्षेत्रको आकर्षण बढाउन लगानी अभिवृद्धि गर्नु र पर्यटन व्यवसाय र यससंग सम्वन्धित क्षेत्रको ज्ञान र दक्षता अभिवृद्धि गर्नु थप चुनौतिपूर्ण छ ।

पर्यटकीय सम्भावना बोकेका स्थान र गन्तव्यहरु विद्यमान रहनु, औद्योगिकग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको विकासमा संघीय सरकारबाट प्रतिवद्धता व्यक्त हुनु, काष्ठ तथा गैरकाष्ठ वनपैदावारमा आधारित उद्योगको स्थापना तथा उत्पानको निर्यातको सम्भावना रहनु, भौतिक पूर्वाधारको विकासले यातायात तथा पारवहन लागत कम हुँदै जानुलाई यस क्षेत्रको अवसरको रुपमा लिन सकिन्छ ।

## ३. सोच

उद्योग व्यवसायको विकास र व्यवस्थापन मार्फत औद्योगिक वस्तु तथा सेवाको उत्पादनमा अभिवृद्धि गर्दै उत्पादन, रोजगारी र आयमा वृद्धि गर्ने (उद्योग तथा वाणिज्य)।

दिगो पर्यटन विकास मार्फत प्रर्देशको समृद्धि र पहिचानको अभिवृद्धि गर्ने (पर्यटन)।

## ४. उद्देश्य

१. महिला, दलित, गरिब र पिछडिएको समुदायको आय र रोजगारीको अभिवृद्धि गर्नु ।

२. उद्योगहरूको पूर्वाधार पूंजी सीप र दक्षता अभिवृद्धि गर्नु।

३. ब्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धात्मक र मर्यादित बनाउंदै लगानीमा प्रतिफलको सुनिश्चितता सहित उपभोक्ता लगानीकर्ता र व्यवसायीको हित प्रवर्द्धन गर्नु।

४. प्रदेश भित्रको सेवा तथा बस्तुको गुणस्तर कायम गर्दै आपूर्ति व्यवस्थालाई दिगो भरपर्दो र व्यवस्थित गर्नु।

५. पर्यटकीय क्षेत्र, पूर्वाधार र सेवाको समुचित विकास तथा पर्यटकीय उपजहरूको विविधीकरण र विस्तार गरी स्थानीय समुदायको जिविकोपार्जनमा टेवा पुऱ्याउनु।

## ५. रणनीति

१. लघु तथा घरेलु उद्योगमा आकर्षण बढाउन कच्चा पदार्थ, प्रविधि, व्यवसायिक सीप र बजार सूचनालाई सुदृढ गर्ने।

२. औद्योगिक करिडोर, उद्योगग्राम, औद्योगिक क्षेत्र र बिशेष आर्थिक क्षेत्रको स्थापना गर्न संघीय सरकारसंग सहकार्य गर्ने।

३. उद्योग, वाणिज्य र सेवा आपूर्ति गर्ने संघ संस्था र सामुदायिक समूहहरुको क्षमता अभिवृद्धि गर्ने।

४. उद्योग प्रशासन, वाणिज्य व्यापारको अनुगमन र आपूर्ति व्यवसायलाई सरकारको नियमित प्रशासनको महत्वपूर्ण पक्षको रूपमा विकास र सुदृढीकरण गर्ने।

५. प्रादेशिक वाणिज्य सम्बन्धी तथ्यांक र सूचना प्रणाली स्थापित गर्दै प्रादेशिक आयात निर्यातको व्यवस्थापनमा सुधार गर्ने।

६. स्थानीय कच्चा पदार्थमा आधारित निर्यातजन्य बस्तुको उत्पादनमा प्रोत्साहन दिने।

७. बिशेष समय र आपतकालीन आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउने।

८. उद्योग वाणिज्य र आपूर्ति क्षेत्रको प्रशासन व्यवस्थापन र सूचना प्रणालीलाई सुशासनयुक्त पारदर्शी र सहभागीतामूलक बनाउने।

९. बस्तु तथा सेवाको गुणस्तर मापन प्रमाणीकरण र उपभोक्ता जागरणलाई अभियानका रूपमा संचालन गर्ने ।

१०. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुंच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूको विकास गर्ने।

११. पर्यटकीय पूर्वाधारको विकास, प्रवर्द्धन र संरक्षण गर्ने।

१२. पर्यटन आयको स्थानीयस्तरसम्म न्यायोचित वितरण सुनिश्चित गर्ने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | उद्योग क्षेत्रमा थप लगानी | रु. अर्ब | - | ०.३८०७ | ०.४१८ | ०.४६० | ०.५०६ |
| २. | लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र संचालन मार्फत रोजगारीको सिर्जना | संख्या (हजारमा) | - | ९.९०६ | १०.८९ | ११.९८ | १३.१८ |
| ३. | मझौला उद्योग दर्ता | वटा | - | | | | |
| ४. | घरेलु तथा साना उद्योग दर्ता | वटा (हजारमा) | - | ४.८७८ | ५।३६५ | ५.९० | ६.४९ |
| ५. | लघु उद्यमीको स्तरोन्नति | वटा (हजारमा) | - | १.८९७ | २।०८६ | २.२९ | २.५२४ |
| ६. | लघु उद्यमी सिर्जना | वटा (हजारमा) | - | ४.९८ | ५।४७८ | ६.०२५ | ६.६२८ |
| ७. | खनिज अन्वेषणात्मक सर्भे | हेक्टर | - | | | | |
| ८. | निकासीमा वृद्धि | रु. (अर्बमा) | - | | | | |
| ९. | व्यवसायिक फर्म दर्ता प्रकृया अनलाईन प्रणालीमा ल्याउने | वटा (हजारमा) | - | | | | |
| १०. | बजार अनुगमन | पटक | - | ० | ४० | ५० | ६० |
| ११. | उपभोक्ता जागरण | संख्या | - | ३ | २४ | ३० | ३६ |
| १२. | पर्यटन आगमन | संख्या (हजारमा) | - | - | - | - | - |
| १३. | प्रदेश भित्रको औसत बसाई | दिन | - | - | - | - | - |
| १४. | रोजगारी | संख्या (हजारमा) | - | - | - | - | - |
| १५. | पर्यटन गुरु योजना तथा नीति तर्जुमा | वटा | - | मस्यौदा तयार भएको | - | - | - |
| १६. | होमस्टे सञ्चालन | स्थान | - | १ | ३ | ५ | १५ |

## ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू.हजारमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०७६/७७ | २३०८६०३ | १७३९५८३ | ५६९०२० | – | ६०९२७३ | १६९९३३० | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७७/७८ | २३८९२४१ | १७९१७७० | ५९७४७१ | – | ६४८०७० | १७४११७२ | – |
| २०७८/७९ | २४७८८४३ | १८४५५२४ | ६३३३१९ | – | ६९१६११ | १७८७२३२ | – |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | क्षेत्रगत प्रादेशिक नीति, योजना तर्जुमा, समन्वय, सहजिकरण, नियमन तथा अनुगमन र मूल्याङ्कन | सालबसाली | - | - | उद्योग, पर्यटन तथा वन क्षेत्रमा संस्थागत विकास तथा नीजि क्षेत्रसँगको सहकार्य र प्रभावकारी नियमन मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने। |
| | पर्यटन कार्यालयहरू | पर्यटन सेवा नियमन तथा प्रवर्द्धन | सालबसाली | - | - | पर्यटन सम्बन्धी जानकारी प्रदान तथा सहजीकरण भएको हुने।<br>पर्यटन सूचना केन्द्र तथा उद्धार केन्द्र स्थापना भएको हुने। |
| ३०७००१२० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (संघ शसर्त अनुदान), | | सालबसाली | - | - | |
| ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | उपभोक्ता हित संरक्षण<br>प्रदेशको वाणिज्य तथा व्यापार क्षेत्रको सहजीजरण, नियमन तथा अनुगमन | सालबसाली | - | - | |
| ३०७०१०१२ | घरेलु तथा साना उद्योग कार्यालयहरू | उद्योग दर्ता, नियमन तथा व्यवस्थापन | सालबसाली | - | - | |
| ३०७०२०११ | वन निर्देशनालय | | सालबसाली | - | - | |
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरू | | सालबसाली | - | - | |
| ३०७०२०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | | सालबसाली | - | - | |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३०७०३०१३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | | सालबसाली | - | - | |

**९. जोखिम तथा अनुमान पक्ष**

यस मन्त्रालयले प्रस्ताव गरेका कृयाकलापहरू/आयोजनाहरू कार्यान्वयन गर्ने तथा आशातित उपलब्धीहरू हासिल गर्ने सन्दर्भमा मन्त्रालयसंग सम्बन्धित प्रादेशिक ऐन, नियम तथा नीतिहरू समयमै बन्न नसकेमा र पर्याप्त मात्रामा बजेटको उपलब्धता हुन नसकेमा जोखिम पक्ष बढ्ने देखिन्छ।

# परिच्छेद ४
# भूमि व्यवस्था, कृषि तथा सहकारी क्षेत्र

**१०.पृष्ठभूमि**

नेपालको १३.८ प्रतिशत भू-भाग ओगटेको सुदूरपश्चिम प्रदेशमा करिव २५ लाख जनसंख्या बसोबास गर्दै आएका छन्। यस प्रदेशमा ३५५०९८ हेक्टर खेती योग्य जमिन रहेको छ। खेती योग्य जमिन मध्ये ३२२०७७ हेक्टरमा मात्र खेती गरिएको छ। खेती गरिएको जमिन मध्ये १७४७३० हेक्टरमा मात्र सिंचाई सुविधा पुगेको छ। यस क्षेत्रको उच्च पहाडी जिल्लाहरुमा स्याउ, आलु, भटमास, मह आदिको उत्पादनले गति लिन थालेको छ। त्यसै गरी मध्य पहाडका जिल्लाहरुमा अमिलो जातका फलफूल, ओखर, अदुवा, ताजा तरकारी, तरकारी बीउ र मह उत्पादन व्यवसायिक रुपमा गर्ने तर्फ कृषकहरु आकृष्ठ हुन थालेका छन्। कैलाली र कन्चनपुर जिल्लाहरुमा मुसुरो, केरा, आलु, माछा, मह, परवल आदि उत्पादनहरुले केही मात्रामा व्यवसायिक रुप लिई सकेको अवस्था छ। व्यवसायिक कृषि तर्फ कृषकहरु आकर्षित भए पनि उत्पादकत्व भने न्यून नै रहेको छ।

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। प्राकृतिक तथा अन्य विपदका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको उत्पादनमा आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपर्ने छ। देशको भौगोलिक परिवेश अनुसार उपलब्ध कृषि शिक्षा, र अनुसन्धानबाट प्राप्त प्रविधि, आधुनिक कृषि औजार, उन्नत बिउबिजन र स्रोत-साधन उपयोग गर्दै कृषि क्षेत्रलाई व्यवसायिक बनाउनु आजको आवश्यकता हो। साथै, कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु र सरकारी, सहकारी र निजी क्षेत्र बीच साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षालाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

**११.चुनौति तथा अवसर**

**चुनौती**

कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन लागत कम गरी प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्दै कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक पेशाको रूपमा विकास गर्नु, परम्परागत सोच मूल्य मान्यतामा परिवर्तन ल्याइ उपेक्षित बन्दै गरेको कृषि तथा पशुपालन पेशालाई एक व्यवसायिक पेशामा रुपान्तरित गर्नु, जलवायू परिवर्तन अनुकुलन क्षमता वृद्धि गर्नु, स्थानीय खानेकुराको उपयोगमा आधारित खाद्य सुरक्षा प्रणाली स्थापित गर्नु, कृषि क्षेत्रमा भएको लगानीको प्रतिफल उच्च बनाउन कृषि ऋणको सहज उपलब्धता, कृषकहरूद्वारा कृषि प्रविधिको उपयोगमा वृद्धि र उत्पादित कृषिजन्य वस्तुहरूको लागि वजारको सुनिश्चितता कायम गर्नु र उत्पादनको गुणस्तर एवम् स्वच्छता सम्बन्धी नियमन कार्यलाई प्रभावकारी तुल्याउँदै स्वस्थकर कृषि उपज उपभोक्ता समक्ष पुर्‍याउनु यस क्षेत्रका चुनौतीहरू हुन।

**अवसर**

विदेशबाट फर्किएका युवाहरू प्राविधिक ज्ञान, सीप, र पुँजी सहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, भौगोलिक सम्भाव्यताको उपयोग तर्फ किसानहरूको चासो बढ्नु, बढ्दो शहरीकरणका कारण कृषि उपजको बजार विस्तार हुँदै गरेकोले ठूला संस्थागत र अन्य निजी क्षेत्रहरूसमेतको व्यवसायिक कृषि क्षेत्रमा आकर्षित हुँदै जानु यस क्षेत्रका प्रमुख अवसर हुन्। पहाड र दुर्गम क्षेत्रमा समेत सडक संजालको विकास र विस्तार बढ्दै जाँदा कृषि उपजको बजार पहुँचमा वृद्धि हुनु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधाको विस्तार हुनु र देशको अन्य क्षेत्रमा नहुने सुख्खा फलफूल बालीहरुको उत्पादन सम्भाव्यता हुनु यस प्रदेशको कृषि क्षेत्रका थप अवसरहरू हुन्।

## १२.सोच

१. सुदूरपश्चिम प्रदेशमा खाद्य सम्प्रभुता, खाद्य र पोषण सुरक्षा प्रत्याभूति सहित ज्ञानमा आधारित व्यवसायिक कृषिको विकास (कृषि विकास)

२. स्वच्छ र गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट खाद्य र पोषण सुधारको सुनिश्चता कायम गर्ने (पशुपन्छी विकास)

३. भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्व (भूमि व्यवस्था)

४. सहकारी संघसंस्था मार्फत स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालन मार्फत समाजको आर्थिक—सामाजिक र सांस्कृतिक रूपान्तरण (सहकारी तथा गरिबी निवारण)

## १३.उद्देश्य

५. कृषि बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरि वितरण प्रणालीलाई सुदृढ गरी सुदूरपश्चिम प्रदेशमा खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्ने

६. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी सुदूरपश्चिम प्रदेशको कृषिलाई प्रतिस्पर्धी र व्यवसायिक बनाउने।

७. यस प्रदेशको पशुपालनलाई ज्ञान र प्रविधिमा आधारित बनाई पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने।

८. पशुपन्छीपालनलाई ग्रामिण क्षेत्रको स्वरोजगारी र दीगो आय आर्जनको श्रोत बनाउने।

९. भूमि तथा भूमि स्रोतको न्यायोचित वितरण र विवेकशील प्रयोगको वातावरण सिर्जना गर्ने।

१०. विकास निर्माणका लागि आवश्यक नापनक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउने।

११. सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक—सामाजिक विकासमा योगदान पुर्याउने

१२. सहकारीको सिद्धान्त, मूल्य र मान्यताहरूको प्रवर्द्धन गर्दै सहकारी संस्थाहरुको परिचालन तथा व्यवस्थापनमा सुधार गरी सहकारी क्षेत्रमा सुशासन कायम गर्ने

१४.रणनीति

## अ. कृषि तथा पशुपन्छी विकास

- खेती योग्य जमिनमा व्यवसायिक कृषकहरुको पहुँच विस्तार गर्न करार खेती, चकलाबन्दी, समुदाय र सहकारी खेती प्रणालीलाई प्रोत्साहन गर्ने।
- भौगोलिक अवस्थितिले उपलब्ध गराएको अवसरलाई अधिकतम उपयोग गरि व्यवसायिक हुन सक्ने बालीहरुको खेतीलाई प्रबर्द्धन गर्ने।
- कृषि क्षेत्रको उत्पादकत्व बृद्धिका लागि आवश्यक तत्वहरु (पूर्वाधार, मल, बीउ सिचाई र प्रविधि) को समुचित व्यवस्था गर्ने।
- कृषि बजारको माग अनुसार कृषि उपजहरुको उत्पादन गर्न प्रोत्साहन गर्नुको साथै बजारको सुनिश्चितता हुने व्यवस्था गर्ने।
- व्यवसायिक पशुपालन सिकाइ स्थल तयार गर्न सरकारी र निजी साझेदारीमा नमूना पशु फार्महरु संचालन गर्ने।
- पशुजन्य उत्पादनको लागत घटाउन पशुपालनमा यन्त्रीकरण गर्न अनुदान सहयोग प्रदान गर्ने।
- पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि श्रोतको उपलब्धता अनुसार गाई भैसी बंगुर र बाख्राको कृत्रिम गर्भाधान तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरि उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गर्ने।
- सघन मत्स्यपालन गरी मस्य उत्पादन बाट पोषण सुधार तथा स्वरोजगारमुलक कार्यकम संचालन गर्ने।

## आ.भूमि व्यवस्था ः

१. वैज्ञानिक भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक–सामाजिक रूपले पछाडि परेका गरिब भूमिहीन वर्गको भूमिमा पहुँच बढाउने।
२. प्रादेशिक भूमि नीति, भू–उपयोग नीति तथा योजनाको आधारमा उपलब्ध भूमिको समुचित उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित आवास तथा सहरीकरण, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद् जोखिम संवेदनशीलता निश्चित गर्ने।

## इ. सहकारी तथा गरिबी निवारण

१. सहकारी संघसंस्थाहरुलाई बृहत कृषि उत्पादन क्षेत्र निमार्ण तथा कृषि बजार केन्द्रहरुको निर्माण तथा व्यवस्थापनमा संलग्न गराइनेछ।

२. सहकारी उद्योग व्यवसायलाई कृषिजन्य उत्पादन, भण्डारण, प्रशोधन र वजारीकरण गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३. यस प्रदेश भित्रका सहकारी संघ संस्थाहरुले संचालन गर्ने सहकारी खेती, उद्योग, वितरण सेवा र सहकारी व्यवसायको विकास तथा प्रबर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा सहयोग प्रदान गरिनेछ।

४. ग्रामिण क्षेत्रका सहकारीहरुलाई साना व्यवसायका योजना निर्माण तथा विकासका लागि व्यवसाय विज्ञहरुको सेवा उपलब्ध गराइने छ।

५. सहकारी संस्थाहरूको व्यवस्थापन र पुँजी परिचालनलाई प्रभावकारी बनाउन सहकारीका सदस्यहरुको क्षमता र दक्षता अभिवृद्धि लागि तालिमको व्यवस्था गरिनेछ।

६. ग्रामिण क्षेत्रको गरिबी निवारणको लागि संचालन गरिने कार्यक्रमहरु सहकारी संस्थाहरूसंगको साझेदारीमा संचालन गरिनेछ।

७. सहकारी संघसंस्थाहरुलाई उनीहरुको शेयर सदस्य संख्या, कार्य क्षेत्र र विषयगत क्षेत्र, वित्तीय अबस्था र कारोवारको अबस्थाको आधारमा वर्गिकरण गरी सहकारीहरु बीच मर्जर गराउने व्यवस्था गरिनेछ।

## १५.विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १३. | खाद्यान्न बाली | मे.ट. | - | १०३६८६१ | १०९८५५६ | ११८५२४७ | १२८९९१३ |
| | धान | मे.ट. | - | ५९३३२७ | ६२८९२६ | ६७९२४० | ७४०३७२ |
| | गहु | मे.ट. | - | ३२००८२ | ३३९२८६ | ३६६४२९ | ३९९४०८ |
| | मकै | मे.ट. | - | ९८९४७ | १०४८८३ | ११३२७४ | १२३४६९ |
| | कोदो | मे.ट. | - | १५५०३ | १६४३३ | १७२५४ | १७५९९ |
| | जौ | मे.ट. | - | ८८४४ | ८८७० | ८८९० | ८९०० |
| | फापर | मे.ट. | - | १५८ | १५८ | १६० | १६५ |
| १४. | दलहन जम्मा | मे.ट. | - | ३०९४४ | ३२८०० | ३५४२४ | ३८६१२ |
| १५. | तोरी | मे.ट. | - | ३२३१२ | ३४२५० | ३६९९० | ४०३१९ |
| १६. | आलु | मे.ट. | - | १७६३६० | १८६९४१ | २०१८९६ | २२००६७ |
| १७. | तरकारी | मे.ट. | - | ११८१८५ | १२५२७६ | १३५२९८ | १४७४७५ |
| १८. | फलफूल | मे.ट. | - | २८०७९ | २९६०१ | ३१६५२ | ३३३६६ |
| | सुन्तला जात | मे.ट. | - | १४०९४ | १४९३९ | १६१३४ | १६९४० |
| | केरा | मे.ट. | - | ११८२३ | १२४१४ | १३१५८ | १३९४८ |
| | ओखर | मे.ट. | - | २१६२ | २२४८ | २३६० | २४८७ |
| १९. | मसला बाली | मे.ट. | - | ५०६३६ | ५३६२७ | ५६६४७ | ६००२२ |
| | प्याज | मे.ट. | - | ३१२१९ | ३३०९२ | ३४७४६ | ३६८३१ |
| | लसुन | मे.ट. | - | १७१२८ | १८१५५ | १९४२६ | २०५९२ |

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | धनिया | मे.ट. | - | २२८९ | २३८० | २४७५ | २५९९ |
| २०. | कृषि यन्त्रीकरणमा लगानी | रु लाखमा | - | ७०० | ५०० | ६०० | ७०० |
| २१. | मुख्यमन्त्री एकीकृत कृषि विकास कार्यक्रममा लगानी | रु लाखमा | - | - | २२०० | ३३०० | ४४०० |
| २२. | आधुनिक केरा खेति मा लगानी | रु लाखमा | - | १४६ | २०० | ३०० | ५०० |
| २३. | आधुनिक कोल्ड च्याम्बर स्थापना | संख्या | - | - | ५ | ८ | १० |
| २४. | आधुनिक कोल्ड स्टोर निर्माण | संख्या | - | - | ४ | ८ | १२ |
| २५. | बजार केन्द्रहरुको स्थापना | संख्या | - | - | १२ | २० | ३० |
| २६. | प्रशोधन केन्द्र स्थापना तथा संचालन | संख्या | - | - | २ | ५ | १० |
| २७. | प्रांगारिक भिलेज स्थापना | संख्या | - | - | ३ | १० | २० |
| २८. | मुख्यमन्त्री एकीकृत पशु विकास कार्यक्रममा लगानी | रु लाखमा | - | - | २२०० | ३३०० | ४४०० |
| २९. | भैसी श्रोत केन्द्र स्थापना | रु लाखमा | - | - | ४०० | ३०० | १०० |
| ३०. | पशुपन्छी तथा मत्स्य व्यवसायबाट थप रोजगार | संख्या | - | - | ५०० | ८०० | १००० |
| ३१. | पशुपन्छीमा आधारित उधोग विकास विस्तार | संख्या (हजारमा) | - | - | ५ | ८ | १० |
| ३२. | दुध | मे.टन | - | १९०८६१ | २०९८५४ | ३०८०३५ | १३२००० |
| ३३. | माछा | मे.टन | - | ८१९३ | ९८४२ | ११०९४ | १२५७४ |
| ३४. | मासु | मे.टन | - | ३२२९४ | ३९७४५ | ४५७१२ | ५२१९४ |
| ३५. | अण्डा | वटा (हजार) | - | ९२२९ | ९८२४ | १०८४६ | ११४७६ |
| ३६. | उन | के.जी | - | ११८१४ | १५६७२ | १८१७९ | २०४१७ |
| ३७. | छाला | वर्ग फिट | - | ६८३६ | ८७४९ | ९५७१ | १०००० |
| ३८. | कृत्रिम गर्भाधान (नक्ष सुधारको लागि) | संख्या | - | १८२३० | ३०००० | ५०००० | ७०००० |
| ३९. | सडकहरुमा सामुदायिक निजि वनमा बहुबर्षिय घाँस विस्तार | हेक्टर | - | – | २५० | ६०० | ८०० |
| ४०. | उन्नत घाँसले ढाकेको क्षेत्रफल | हे | - | ३५० | ५०० | ७०० | ९०० |
| ४१. | सुधार गरिएको डेरी पसल | संख्या | - | १४० | १०० | १०० | १०० |

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| ४२. | सुधार गरिएको मासु पसल | संख्या | - | १०० | ५० | ५० | ५० |
| ४३. | पशुपन्छी खोप सेवा (रेविज, खोरेत पि.पि.आर) | संख्या हजारमा) | - | ८५० | १००० | ११०० | १२०० |
| ४४. | पशुपन्छी निदान तथा उपचार | संख्या (लाखमा) | - | १.५ | २ | ३ | ४ |
| ४५. | ग्रामिण कुखुरा प्रवर्द्धन फार्म स्थापना | संख्या | - | | ५ | १० | १५ |
| ४६. | भूमि, सुकुम्वासीको तथ्याङ्क अद्यावधिक | जिल्ला संख्या | - | | २ | ४ | ३ |
| ४७. | कृषि भूमिको चकलावन्दी | हेक्टर | - | | ८० | १५० | २०० |
| ४८. | मुक्त कमैया, हलिया आदि विपन्न वर्गमा सामाजिक सुरक्षा तथा आयआर्जन क्रियाकलाप | जना | - | | २०० | ४०० | ६०० |
| ४९. | सहकारी संघ र संस्था | संख्या | - | ३२९ | ३३५ | ३४२ | ३५० |
| ५०. | सहकारी संघ संस्थाको कुल सदस्यता | संख्या (हजारमा) | - | २०० | २१० | २१६ | २२२ |
| ५१. | प्रत्यक्ष रोजगारी | संख्या (हजारमा) | - | १.४ | १.५ | १.६ | १.८ |
| ५२. | अप्रत्यक्ष रोजगारी | संख्या (हजारमा) | - | ४० | ४५ | ५० | ५७ |
| ५३. | सहकारी संघसंस्थाको शेयर पुँजी | रू.(अर्बमा) | - | ०.७ | ०.८ | ०.९ | १ |
| ५४. | सहकारी संघसंस्थाको कुल बचत | रू. (अर्बमा) | - | ४ | ४.३ | ४.६ | ५ |
| ५५. | सहकारी संघसंस्थाको ऋण लगानी | रू. (अर्बमा) | - | ४.४ | ४.७ | ५ | ५.५ |
| ५६. | सहकारी सम्बन्धी तालिम प्राप्त जनशक्ति | जना | - | ४२८ | १२२० | १४०० | १७०० |
| ५७. | सहकारीको अनुगमन तथा नियमन | संख्या | - | २० | ३०० | ३२० | ३५० |
| ५८. | गरिबीको रेखामुनी रहेका जनसंख्या | प्रतिशत | - | | | | |

## १६.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. हजारमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०७६/७७ | २८०५८२५ | २४५८८६२ | ३४६९६३ | - | ५६७३२६ | २२३८४९९ | |
| २०७७/७८ | २८९६९३९ | २५३२६२८ | ३६४३११ | - | ५८८०२६ | २३०८९१३ | |
| २०७८/७९ | २९९४७७७ | २६०८६०७ | ३८६१७० | - | ६०९७१५ | २३८५०६१ | |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | क्षेत्रगत प्रादेशिक नीति, ऐन, मापदण्ड तथा कार्यविधि तर्जुमा<br>क्षेत्रगत विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन<br>संघीय तथा स्थानीय सरकारहरुसँग समन्वय तथा सहजीकरण | सालबसाली | | | भू उपयोग नीति, वसोवास व्यवस्थापन नीति, गुठी जग्गा संरक्षण नीति, प्रांगरिक कृषि विकास नीति, प्रादेशिक पशुपन्छी विकास नीति, गरिबी निवारण नीति, सहकारी नीति कृषि बजार व्यवस्थापन नीति तर्जुमा भएको हुने ।<br>भू उपयोग ऐन, कृषि व्यावसाय प्रवर्दन ऐन, विषादी व्यवस्थापन सम्बन्धि प्रादेशिक ऐन, प्रादेशिक सहकारी ऐन प्रदेश स्तरीय पशु स्वास्थ्य ऐन आकस्मिक कृषि तथा पशु पन्छी रोग व्यवस्थापन कोष संचालन सम्बन्धि ऐन तर्जुमा भएको हुने।<br>बाँझो जग्गा प्रयोग सम्बन्धी कानून, घरजग्गा हस्तान्तरण सम्बन्धी प्रदेश स्तरीय मापदण्ड, मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, प्रांगारिक कृषि उत्पादन तथा बजार व्यवस्थापन कार्यविधि तयारी, मोडल फार्म संचालन कार्यविधि निर्माण, खाद्यान्न गुणस्तर तथा मापदण्ड निर्धारण |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | सम्बन्धी कार्यविधि तर्जूमा, मासु गुणस्तर नियमन कार्यविधि तथा प्रदेशिक जुनोटिक रोग नियन्त्रण रणनीति निर्माण भएको हुने।<br>भूमि व्यवस्था, कृषि तथा सहकारी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि भई गरिबी न्यूनीकरणमा योगदान पुगेको हुने।<br>उल्लेखित क्षेत्रहरुको नीतिगत, संस्थागत तथा कार्यगत रुपमा संघीय सरकार, प्रादेशिक मन्त्रालय तथा स्थानीय तहहरु बीच प्रभावकारी समन्वय, सहकार्य तथा सहकार्य भएको हुने। |
| | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | कृषिको लागि आवश्यक पूर्वाधार विकास तथा कृषिको व्यवसायीकरण | सालबसाली | | | शीत भण्डारहरु, बजार केन्द्रहरु, प्रशोधन केन्द्रहरु, प्राङगारिक मल र जैविक विषादी कारखाना, फार्म केन्द्र, पकेट क्षेत्र निर्माण भई संचालनमा आएको हुने।<br>मुख्य मुख्य कृषि तथा पशु उत्पादनको न्यूनतम समर्थन मूल्य कायम भएको हुने।<br>मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन भएको हुने।<br>सुन्तला, आलु, कफी, स्याउ, अदुवा, अलैंची, मकै, प्रांगारिक तरकारी, पुष्प |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | खेती सम्बन्धी मूल्य श्रृखलामा आधारित कार्यक्रमहरु संचालन भएको हुने।<br>कृषक, कृषि सहकारी, कृषि समुह, कृषि उद्यमी तथा कृषि कम्पनीलाई प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुने।<br>कृषिजन्य उत्पादनमा आधारित उद्योगहरुको स्थापना तथा विस्तार भएको हुने।<br>जडीबुटी, फलफूल,, रेशम, माहुरी, च्याउ, चिया, अम्रिसो र अन्य सम्बन्धी कृषि बन प्रणाली सम्बन्धी अध्ययन, अनुसन्धान र प्रवर्द्धन भएको हुने। |
| | कृषि इन्जिनियरिङ कार्यक्रम | कृषि व्यवसायमा यान्त्रिकीकरण तथा आधुनिकीकरण | सालबसाली | | | साना तथा आधुनिक सिंचाई प्रणाली विकास तथा कार्यान्वियन भएको हुने।<br>कृषि यान्त्रिकिकरण तथा हाइटेक ग्रीन हाउस निर्माणमा सहयोग तथा सहजीकरण भएको हुने। |
| | कृषि प्रसार तथा तालिम कार्यक्रम | कृषि प्रसार सेवा विस्तार तथा कृषकको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि | सालबसाली | | | कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि भएको हुने।<br>कृषक पाठशाला तथा फर्म स्थापना भएको हुने।<br>कृषक क्षमता अभिवृद्धिका |

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रम सञ्चालन भएको हुने।<br>मोडेलफार्म, पकेट क्षेत्र लगायतका विषयमा व्यवसायिक कृषि सम्बन्धी तालिम संचालन भएको हुने।<br>प्राङगारिक खेती तथा कृषि पर्यटनको प्रवर्द्धन भएको हुने। |
| | प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रम | दीगो वातावरण मैत्री स्वच्छ, स्वस्थ कृषिजन्य उत्पादन | सालबसाली | | | वातारवरण मैत्री नमूना कृषि गाउँ स्थापना भएको हुने।<br>प्रांगारिक मल तथा जैविक विषादी कारखाना स्थापना भएको हुने।<br>प्रांगारिक कृषि उत्पादन क्षेत्र निर्धारण भएको हुने।<br>प्रांगारिक कृषि प्रविधिको अनुसन्धान तथा विकास भएको हुने।<br>प्रांगारिक उत्पादन प्रमाणीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने।<br>प्रांगारिक कृषि उत्पादन, प्रवर्द्धन र विस्तार भएको हुने।<br>कृषि बजारीकरणको कार्यक्रमहरु सञ्चालन भएको हुने। |
| | जैविक विविधता संरक्षण कार्यक्रम | आनुवांशिक स्रोत एवम् जैविक विविधताको संरक्षण र सम्बर्द्धन | सालबसाली | | | कृषि तथा पशुपन्छी आनुवांशिक स्रोतबारे अनुसन्धान तथा संरक्षण हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | जलवायु मैत्री कृषि प्रविधिको विकास र विस्तार भएको हुने।<br>स्थानीय जातका बाली,पशुपन्छी र मत्स्य संरक्षण तथा प्रवर्द्धन भएको हुने।<br>स्थानीय तथा रैथाने पशुपन्छीको संरक्षण तथा प्रवर्दधन भएको हुने।<br>जडीबुटी, फलफूल, , रेशम, माहुरी, च्याउ, चिया, अम्रिसो र अन्य सम्बन्धी कृषि वन प्रणाली सम्बन्धी अध्ययन, अनुसन्धान र प्रबर्द्धन भएको हुने। |
| | कृषि प्रकोप तथा जोखिम न्यूनीकरण कार्यक्रम | कृषकलाई राहत तथा संरक्षण प्रदान | सालबसाली | | | कृषि पशुपन्छी र मत्स्य बिमाको प्रवर्द्धन भएको हुने।<br>कृषकलाई आकस्मिक सेवा टेवा भएको हुने।<br>आकस्मिक रोग नियन्त्रण कोष स्थापना भएको हुने। |
| | खाद्यान्न बाली कार्यक्रम | खाद्यान्न बालीको उत्पादन वृद्धि | सालबसाली | | | खाद्यान्न बाली प्रोत्साहन सहयोग भएको हुने।<br>खाद्यान्न बालीको व्यवसायिक विस्तार भएको हुने।<br>खाद्यान्न बाली उत्पादनमा वृद्धि भएको हुने। |
| | नगदे बाली विकास कार्यक्रम | नगदे बालीको विकास तथा उत्पादन वृद्धि | सालबसाली | | | नगदे बाली सम्बन्धी नमूना फार्महरु संचालन भएका हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | नगदे बाली सम्बन्धी प्रोत्साहन सहयोग भएको हुने।<br>नगदे बालीको व्यवसायिक विस्तार भएको हुने। |
| | फलफूल विकास कार्यक्रम | फलफूल विकास तथा उत्पादन वृद्धि | सालबसाली | | | फलफुल विकास सम्बन्धी नमूना फार्महरु संचालन भएका हुने।<br>फलफूल विकास सम्बन्धी प्रोत्साहन सहयोग भएको हुने।<br>फलफूलको व्यवसायिक विस्तार भएको हुने। |
| | बाली विकास तथा संरक्षण कार्यक्रम | बाली संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान तथा सहयोग | सालबसाली | | | आकस्मिक रोग किरा नियन्त्रणमा कृषकलाई आवश्यक सहयोग प्रदान भएको हुने। |
| | मत्स्य विकास कार्यक्रम | मत्स्य पालन सम्बन्धी अध्ययन अनुसन्धान तथा सहयोग र उत्पादन वृद्धि | सालबसाली | | | मत्स्य विकास सम्बन्धी नमूना फार्महरु संचालन भएका हुने।<br>मत्स्य विकास सम्बन्धी प्रोत्साहन सहयोग भएको हुने।<br>चिसो पानीमा माछा उत्पादन विस्तार भएको हुने।<br>मत्स्यको व्यवसायिक विस्तार भएको हुने। |
| | माटो व्यवस्थापन कार्यक्रम | माटोको गुणस्तरमा सुधार ल्याई कृषि उत्पादकत्व अभिवृद्धि | सालबसाली | | | प्राङगारिक मल कारखाना स्थापना भएको हुने।<br>प्राङगारिक मल उत्पादन र वितरणमा सहयोग प्रदान भएको हुने।<br>माटो परीक्षण सेवा सहज |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | रुपमा उपलब्ध भएको हुने।<br>माटो परीक्षण सेवाका लागि घुम्ति सेवा संचालन हुने।<br>माटोको उर्वरा शक्ति नक्सा तयार भएको हुने। |
| | बिउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | बिउ बिजन उत्पादन वृद्धि तथा प्रवर्द्धन एवम् गुणस्तर नियन्त्रण | सालबसाली | | | बिउ बिजनको दर्ता तथा गुणस्तर नियमन भएको हुने।<br>बिउ बिजनको उत्पादन सम्बन्धी कार्यक्रम संचालन हुने। |
| | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यक्रम | खाद्य वस्तुको गुणस्तर परीक्षण तथा नियमन | सालबसाली | | | खाद्य वस्तुको नमूना संकलन, परीक्षण तथा नियमन भएको हुने। |
| | पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम | पशुपन्छी तथा पशुजन्य उत्पादनको बजार विकास, विस्तार तथा प्रवर्द्धन | सालबसाली | | | पशुपन्छी फार्म केन्द्र संचालन तथा पकेट क्षेत्र प्रवर्द्धन भएको हुने।<br>कोल्ड स्टोर, बजार केन्द्र मिटमार्ट र आधुनिक पशु बधशाला स्थापना भएको हुने।<br>पशुपन्छीजन्य उत्पादनको विकासका लागि हाटबजार तथा पशु संकलन केन्द्र सञ्चालनमा भएको हुने।<br>दुध, मासु र पश्मिनाको मूल्य अभिवृद्धि सम्बन्धी परियोजना संचालन भएको हुने।<br>मूल्य श्रृंखलामा आधारित पशुपन्छी जन्य उद्योगको स्थापना भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | पशु स्वास्थ्य, रोग अन्वेशण तथा क्वारेन्टाईन कार्यक्रम | पशु पन्छीमा लाग्ने विभिन्न रोगहरुको पहिचान, रोकथाम, नियन्त्रण तथा उन्मूलन | सालबसाली | | | पशुपन्छीमा लाग्ने रोग तथा आकस्मिक रोग आउट ब्रेक नियन्त्रण गर्न खोप कार्य संचालन भएको हुने।<br>औषधी खरिद तथा खोप सामाग्री व्यवस्थापन भएको हुने।<br>बर्डफ्लू, पीपिआर लगायतका रोगहरु सम्बन्धी नमूना संकलन भएको हुने।<br>जनस्वास्थ्यमा असर पुऱ्याउने किसिमका जुनोटिक रोगहरुको न्यूनीकरण भएको हुने।<br>पशु स्वास्थ्य सम्बन्धी आधुनिक तथा द्रुत प्रयोगशालाको निर्माण, स्तरोन्नति र आधुनिक पशु अस्पतालहरुको निर्माण भएको हुने।<br>रोग सम्बन्धी सूचनाको प्रसार प्रचार भएको हुने। |
| | पशु विकास सेवा कार्यक्रम | पशुपन्छीको नश्ल सुधार तथा आधुनिकरण गरी पशु उत्पादन र उत्पादकत्व वृद्धि | सालबसाली | | | पशुपन्छीको नश्ल सुधार सम्बन्धी कार्यक्रम संचालन भएको हुने।<br>प्रदेश भरि कृत्रिम गर्भाधान कार्यक्रम संचालन भइ नश्ल सुधार भएको हुने।<br>पशुपन्छी विकास सम्बन्धी मोडल फार्म संचालन भएको हुने।<br>मिसन कार्यक्रमहरुको संचालन भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | दुध ढुवानी व्यवस्थापन तथा दुध प्रशोधन केन्द्रहरु सञ्चालन भएको हुने।<br>असल पशुपालन अभ्यास प्रवर्द्धन भएको हुने।<br>पशुपालक कृषकको वर्गीकरण सम्बन्धी मापदण्ड तयार भएको हुने।<br>उत्पादनमा आधारित अनुदान प्रदान गरिएको हुने। |
| | पशु सेवा प्रसार तथा तालिम कार्यक्रम | पशु सेवा विस्तार तथा कृषकलाई तालिम तथा प्रविधि हस्तान्तरण एवम् क्षमता विकास प्रदान गरी व्यवसायिक पशुपालन अभिवृद्धि तथा उत्पादन वृद्धि | सालबसाली | | | पशुपन्छी प्रसार सेवामा कृषकको पहुँच र क्षमता अभिवृद्धि भएको हुने।<br>पशुपन्छी प्रदर्शन स्रोत केन्द्रको स्थापना भएको हुने।<br>पशुपन्छी व्यवसाय सम्बन्धी युवा स्वरोजगार तालिम संचालन हुने।<br>कृषि पर्यटनको प्रवर्द्धन भएको हुने। |
| | पशु आहार सेवा कार्यक्रम | पोषिलो घाँसको सहज आपूर्ति | सालबसाली | | | पोषिलो घाँसले ढाकेको क्षेत्र बढेको हुने।<br>घाँसे बाली स्रोत केन्द्र स्थापना भएको हुने।<br>पशु आहार व्यवस्थापनमा यान्त्रिकीकरण भएको हुने।<br>पशुपालनको क्षेत्र विस्तार भएको हुने। |
| | भूमि विकास | भूमिको वैज्ञानिक व्यवस्थापन तथा | सालबसाली | | | भू उपयोग योजना |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | प्रभावकारी उपयोग | | | | संचालन भएको हुने।<br>बाँझो वा कम उपयोग भएको जग्गा करारमा दिने व्यवस्था लागू हुने।<br>भूमिको वर्गीकरण भई सोही बमोजिम कार्यान्वयनको प्रकृया आरम्भ भएको हुने।<br>चक्लाबन्दीमा आधारित खेती प्रणाली सुरू भएको हुने।<br>जग्गा उकास गरी कृषि व्यवसायमा प्रयोग गरिएको हुने। |
| | भू-सूचना व्यवस्थापन कार्यक्रम | भू-उपयोग सम्बन्धी भौगोलिक सूचना तयारी | सालबसाली | | | सार्वजनिक, सरकारी, ऐतिहासिक सम्पदा र धरोहरा तथा गुठी सम्बन्धी जग्गाहरुको अभिलेख तयार भई संरक्षण भएको हुने।<br>स्थानीय तहहरुको बाउन्ड्री सर्वेक्षण भएको हुने।<br>भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार भएको हुने।<br>भू-उपयोग सूचना प्रणाली विकास भएको हुने।<br>तीन वटा पालिकामा प्रिसिजन फार्मिङको तयारी सम्पन्न भएको हुने। |
| | गुठी जग्गा संरक्षण कार्यक्रम | गुठी जग्गाको अभिलेख तयार गरी संरक्षणको व्यवस्था | सालबसाली | | | गुठी जग्गाको अभिलेख तयार भएको हुने।<br>गुठी जग्गाको संरक्षण तथा प्रवर्द्धनको संस्थागत |

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | व्यवस्था भएको हुने। |
| | सहकारी क्षमता अभिवृद्धि कार्यक्रम | सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि | सालबसाली | | | सहकारी सम्बन्धी प्रशिक्षक प्रशिक्षण, लेखा, वित्तीय व्यवस्थापन, कर्मचारी क्षमता विकास सम्बन्धी तालिम प्रदान भएको हुने।<br>सहकारी संघसंस्थाको अनुगमन, निरीक्षण र सुपरीवेक्षण भएको हुने। |
| | सहकारी क्षेत्रको प्रवर्द्धन कार्यक्रम | उत्पादनमूलक सहकारी संघसस्थाको संख्या, गुणस्तर र उत्पादनमा वृद्धि | सालबसाली | | | सहकारी तथा सामुहिक खेती एवम् चाक्लाबन्दी प्रवर्द्धन तथा सहयोग प्रदान भएको हुने।<br>उत्पादनमूक सहकारी संघसंस्थालाई नगद प्रोत्साहन मार्फत उत्पादन वृद्धिमा संलग्न गराइएको हुने।<br>उत्पादनमूलक क्षेत्रमा सहकारी संघसस्थाको लगानीमा वृद्धि भएको हुने। |
| | सहकारी तथ्याङ्क कार्यक्रम | सहकारी सूचना प्रणाली विकास तथा व्यवस्थापन | सालबसाली | | | सहकारी संघसस्थाको अभिलेख व्यवस्थापन तथा नियमनको लागि सूचना प्रणालीको विकास भई लागू भएको हुने। |
| | गरिबी निवारण कार्यक्रम | रोजगारी सिर्जना, उद्यमशीलता विकास, सामाजिक सुरक्षा तथा लक्षित वर्गको सशक्तीकरण एवम् सहजीकरण मार्फत गरिबी निवारण | सालबसाली | | | भूमिहीन र सुकुम्वासीहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन भएको हुने।<br>गरिबी निवारण कार्यक्रमहरुमा बहुक्षेत्रको |

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | संलग्नता भएको हुने।<br>उद्यमशीलता विकास तथा स्वरोजगार सम्बन्धी तालिम संचालन भएको हुने।<br>लक्षित वर्गको सशक्तीकरणको लागि क्षमता विकासका कार्यक्रम संचालन भएका हुने। |
| | गरिबी सम्बन्धी तथ्याङ्क अभिलेख कार्यक्रम | गरिबी सम्बन्धी तथ्याङ्क अभिलेख व्यवस्थापन | सालबसाली | | | गरिबी सम्बन्धी तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन भएको हुने।<br>विभिन्न क्षेत्रबाट भएको लगानीबाट गरिबी न्यूनिकरणमा परेको प्रभाव अध्ययन भएको हुने। |
| ३१२००१२० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (संघ शसर्त अनुदान) | | सालबसाली | | | |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | समग्र प्रदेशको कृषि विकास सम्बन्धी कार्यक्रम संचालन, समन्वय, अनुगमन तथा निरीक्षण | सालबसाली | | | |
| ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | समग्र कृषि व्यवसायहरुको प्रवर्द्धन गर्न कृषक तथा प्राविधिकहरुको ज्ञन, क्षमता अभिवृद्धि<br>व्यवसायिक योजना तर्जुमामा सहयोग | सालबसाली | | | |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३१२०१०१३ | माटो तथा मल परिक्षण प्रयोगशाला | प्रदेशमा माटो सम्बन्धी अध्ययन<br>जैविक तथा रासायनिक मलको गुणस्तर नियमन र प्रयोगशाला सेवा प्रदान | सालबसाली | | | |
| ३१२०१०१४ | बिउ विजन प्रयोगशाला | वीउ प्रमाणीकरण, वीउको गुणस्तर नियमन र प्रयोगशाला सेवा | सालबसाली | | | |
| ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | बिषादी नियमन वाली रोग तथा किरा नियन्त्रण र प्रयोगशाला सेवा | सालबसाली | | | |
| ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरु | उत्पादन तथा उत्पादकत्व वृद्धि<br>खाद्य तथा पोषण सुरक्षा सुनिश्चता | सालबसाली | | | |
| ३१२०१०१७ | शुख्खा फलफुल विकास केन्द्र | उच्च भेगमा हुने फलफूलको विरुवा उत्दापदन ।<br>उच्च भेगमा हुने फलफूल उत्पादन वृद्धिका लागि सहयोग । | सालबसाली | | | |
| ३१२०१०१८ | तरकारी जर्म प्लाज्मा सम्बन्धन तथा बिउ उत्पादन केन्द्र | तरकारी वीउ उत्पादन परीक्षण तथा विस्तार<br>तरकारी वालीको आनुवांशिक श्रोत संरक्षण | सालबसाली | | | |
| ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन, समन्वय , अनुगमन तथा निरीक्षण | सालबसाली | | | |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | पशुपंक्षी तथा मत्स्य सम्बन्धी कृषक तथा प्राविधिकको क्षमता अभवृद्धि<br>पशुपालनमा नयाँ प्रविधि सम्बन्धी प्रकाशन र प्रचारप्रसार | सालबसाली | | | |
| ३१२०२०१३ | मत्स्य विकास केन्द्र | माछाका भुरा उत्पादन तथा वितरण<br>मत्स्यपालन सम्बन्धी सीप विकास, प्राविधिक सहयोग र नियमन | सालबसाली | | | |
| ३१२०२०१४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | स्वच्छ तथा स्वस्थ पशु र मत्स्य उत्पादन सुनिश्चतता।<br>पशुपन्छी तथा मत्स्य रोग अन्वेषण, निदान, औषधी उपचार, सर्भिलेन्स तथा प्रयोगशाला सेवा । | सालबसाली | | | |

## ९. जोखिम तथा अनुमान पक्ष

नीति तथा कानुनी व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको अर्थपूर्ण सहभागिता, आवश्यक कर्मचारी व्यवस्था, संघ र स्थानीय तहबीचको समन्वय, बहुक्षेत्रको सामुहिक सहभागति, कृषिमा युवाको आकर्षण भएको हुनेछ। उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिएको छ।

# परिच्छेद ५
# सामाजिक विकास क्षेत्र

प्रादेशिक स्तरमा नेपालको संविधानको सफल कार्यान्वयन तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकूद, श्रम तथा रोजगार जस्ता सामजिक क्षेत्रका विषयहरू महत्वपूर्ण भूमिका रहन्छ।

## ५.१ शिक्षा

### १७.पृष्ठभूमी

नेपालको संविधानले प्रत्याभूत गरेका शिक्षा सम्बन्धी मौलिक हकहरूको सुनिश्चितता गर्न र सबै नागरिकहरूलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको छ। दिगो विकासका लक्ष्यहरू हासिल गर्न संघीय सरकारले लिएका नीति अनुरूप प्रादेशिक स्तरमा शिक्षा, विज्ञान र प्रविधिको उचित विकास गर्नुपर्ने आवश्यकता रहेको छ। विद्यालय शिक्षामा पहूँच र समताको क्षेत्रमा भएको प्रगतिलाई दिगो रूपमा निरन्तरता दिई गुणस्तर र शैक्षिक सुशासन अभिवृद्धि गर्न आवश्यक रहेको छ। बढ्दो बेरोजगारीको समस्यालाई समाधान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहूँच र गुणस्तरमा वृद्धि गर्न जरूरी देखिएको छ। त्यस्तै, उच्च शिक्षालाई अनुसन्धानमूलक र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाई यसको विस्तार र गुणस्तर अभिवृद्धि गर्न आवश्यक देखिएको छ।

### १८.चुनौति तथा अवसर

**चुनौति**

सार्वजनिक शिक्षालाई सर्वसुलभ, समन्यायिक, गुणस्तरीय र आधुनिक पूर्वाधारयुक्त बनाउनु, शिक्षण पद्दतिलाई व्यवहारिक, बालमैत्री प्रविधिमा आधारित बनाउनु, विद्यालय जाने उमेरका सबै बालबालिकाहरू विद्यालयमा ल्याउनु, विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षक व्यवस्थापन गर्न, कक्षा छाड्ने दर कमी ल्याउनु, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी पहूँच र गुणस्तर वृद्धि गर्नु, उच्च शिक्षालाई अनुसन्धानमूलक बनाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी, समकक्षी र उच्चस्तरीय दक्ष जनशक्ति उत्पादन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौतिका रूपमा रहेका छन्।

**अवसर**

तीनै तहका सरकारहरूबाट शिक्षामा चासो, लगानी र सरोकारको वातावरण बन्दै जानु, शिक्षा विकासको मूल आधार भन्ने सोच आम नागरिकहरुमा अभिवृद्धि हुनु, संघीय सरकारबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारको नीति अवलम्बन गरिनु, प्राविधिक र व्यावसायिक शिक्षामा आकर्षण बढ्नु, शिक्षामा समावेशी सहभागिता वृद्धि हुँदै जानु, विद्यालय तहको खुद भर्ना दर बढ्दै जानु, विद्यार्थी सहभागितामा छात्राहरुको वृद्धि हुँदै जानु, साक्षरताको प्रतिशत बढ्दै जानु र शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनु अवसरको रूपमा रहेका छन्।

## १९.सोच

प्रदेशको सामाजिक र आर्थिक रुपान्तरणको लागि मानव संसाधनको विकास।

## २०.उद्देश्य

१. समतामूलक, गुणस्तरीय र सर्वसुलभ शिक्षाको सबैमा पहूँच अभिवृद्धि गर्नु।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तार एवम् गुणस्तर सुधार गरी बजारको माग अनुसारको दक्ष जनशक्तिको विकास गर्नु।

३. उच्च शिक्षालाई वैज्ञानिक एवं अनुसन्धान केन्द्रित बनाई प्रदेशको समग्र विकासमा सघाउ पुऱ्याउने जनशक्ति उत्पादन गर्नु।

## २१.रणनीति

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षालाइ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

२. रोजगारी तथा उद्यमशीलता विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षालाई समसामयिक सुधार एवं विस्तार गर्ने।

३. सबै वर्ग र समुदायका बालबालिकाको शिक्षामा पहूँच सुनिश्चत गर्ने।

४. शैक्षिक व्यवस्थापनलाई प्रभावकारी एवम् जिम्मेवारीपूर्ण वनाउने।

५. दक्ष, सीपयुक्त, अनुसन्धानमूलक र प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्ने।

## २२.विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| ५९. | साक्षरता दर (१५ देखि २४ वर्ष उमेर सम्मको) | प्रतिशत | - | ८५ | ८७ | ८९ | ९१ |
| ६०. | कक्षा एकमा बाल विकासको अनुभव सहितभर्ना हुने बालबालिकाको दर | प्रतिशत | - | ५८.४ | ५९ | ६१.५ | ६४ |
| ६१. | खुद भर्नादर | | | | | | |
| | आधारभूत तह (कक्षा १-५) | प्रतिशत | - | ९७.७ | ९७.८ | ९७.९ | ९८.० |
| | आधारभूत तह (कक्षा १-८) | प्रतिशत | - | ९४.८ | ९५.० | ९५.२ | ९५.४ |

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | माध्यमिक तह (कक्षा ९-१२) | प्रतिशत | - | ४४.७ | ४५.५ | ४६.५ | ४८.० |
| ६२. | टिकाउ दर | | | | | | |
| | कक्षा ८ सम्म | प्रतिशत | - | ७७.४ | ७९.० | ८०.० | ८१.० |
| | कक्षा १० सम्म | प्रतिशत | - | ५७.१ | ५८.० | ५९.० | ६०.० |
| ६३. | विद्यालय छाड्ने दर | | | | | | |
| | प्राथमिक तह (कक्षा १-५) | प्रतिशत | - | ३.६ | ३.० | २.८ | २.६ |
| | निमावि तह (कक्षा ६-८) | प्रतिशत | - | ४.४ | ४.० | ३.६ | ३.० |
| | माध्यमिक तह (कक्षा ९-१०) | प्रतिशत | - | ३.७ | ३.५ | ३.३ | ३.० |
| ६४. | लैंङ्गिक समता दर | अनुपात | - | | | | |
| ६५. | विद्यालय शिक्षाको खूद भर्ना दर | | | | | | |
| | आधारभूत तह (कक्षा १-८) | अनुपात | - | ०.९८ | ०.९९ | १.० | १.० |
| | माध्यमिक तह (कक्षा ९-१२) | अनुपात | - | ०.९२ | ०.९४ | ०.९६ | ०.९८ |
| | उच्च शिक्षा | अनुपात | - | १.१९ | - | - | - |
| ६६. | औषत सिकाई उपलब्धी | | | | | | |
| | प्राथमिक तह (कक्षा १-५) | प्रतिशत | ४४.६ | N/A | - | - | - |
| | नि मा वि तह (कक्षा ६-८) | प्रतिशत | ४०.१६ | N/A | - | - | - |
| | माध्यमिक तह (कक्षा ९-१०) | प्रतिशत | ३९.४५ | N/A | - | - | - |
| ६७. | विद्यालय कक्षा कोठा निर्माण | संख्या | - | १०१२ | ४५५ | ३०० | १२० |
| ६८. | कम्प्युटर सुविधा उपलब्ध भएका विद्यालय | संख्या | २५० | ३२ | ५० | १५० | २०० |
| ६९. | पानी तथा सरसफाई सुविधा सहितका शौचालय निर्माण | संख्या | - | N/A | - | - | - |
| ७०. | पानी तथा सरसफाई सुविधा सहित संचालनमा रहेका शौचालय | संख्या | - | N/A | - | - | - |

## ५.२ स्वास्थ्य

### १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नुका साथै स्वास्थ्यलाई संघ, प्रदेश तथा स्थानीय तहको क्षेत्राधिकारभित्र राखेको छ। त्यस्तै गरी, तथ्याङ्क व्यवस्थापनलाई संघ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रभित्र राखेको हुनाले जनसंख्यासम्बन्धी विषयसमेत तीन वटै तहअन्तर्गत पर्ने देखिन्छ। जन्मदाको अपेक्षित आयु क्रमशः बढ्ने क्रममा रहेको हुँदा जनसंख्या व्यवस्थापनको क्षेत्रमा सकारात्मक प्रगति भएको छ। जनसंख्या विकासको आधार तथा प्रयोगकर्ता भएको र जनसंख्या विषय विकासको अन्तरसम्बन्धीत विषय भएको हुनाले विश्वव्यापी दिगो विकासका सबै लक्ष्यहरू प्रत्यक्ष एवम् परोक्ष रूपमा जनसंख्यासँग सम्बन्धीत रहेका छन्। राष्ट्रिय स्वास्थ्य नीति, रणनीति तथा स्वास्थ्य बीमा ऐनअनुसार सबै क्षेत्र, वर्ग तथा समुदायका नागरिकहरुमा गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच पुर्याउनु आवश्यक छ। यसका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई प्रदेशभर विस्तार गर्नु पर्ने हुन्छ साथै सेवा प्रवाहमा विषयगत क्षेत्र तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य समेत गर्नुपर्ने हुन्छ। स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूलाई विद्यमान संवैधानिक व्यवस्थानुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक नीतिगत व्यवस्थासमेतका आधारमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन युनिर्भसल हेल्थ कभरेजको अवधारणालाई कार्यान्वयन गरिएको छ। नेपाल सरकार, विकास साझेदार, गैर सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा प्रवाहमा भइरहेको प्रयासबाट आम जनताको पहूँच र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि भई स्वास्थ्यसम्बन्धी सूचकहरूमा उल्लेखनीय प्रगति भएको छ।

### २. चुनौति तथा अवसर

#### चुनौति

विपन्न, सीमान्तकृत र जोखिमपूर्ण अवस्थामा रहेका वर्ग, क्षेत्र तथा समुदायलाई स्वास्थ्य सेवाको पहूँचमा ल्याउन नसक्नु, अति संक्रामक रोग वा नयाँ देखापर्न सक्ने महामारीजन्य रोगहरूको यथोचित नियन्त्रण नहुनु, नियन्त्रण गर्न सकिने प्रकृतिका संक्रामक रोगहरू पूर्ण रूपमा नियन्त्रण गर्न नसक्नु जस्ता समस्याहरु रहेका छन्। प्राकृतिक विपद्बाट मानवीय स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्नु, नसर्ने प्रकृतिका रोगहरूको बढ्दो प्रकोपलाई व्यवस्थापन गर्नु, दुर्घटना र चोटपटकबाट हुने बढ्दो मृत्यु तथा अपाङ्गता तथा मानसिक रोग, सबै भौगोलिक क्षेत्रहरूमा सर्वसुलभ तथा गुणस्तरीय विशेषज्ञ सेवा उपलव्ध गराउनु, निःशुल्क गुणस्तरीय औषधिको सुर्वसुलभ पहूँच पुऱ्याउनु साथै औषधिको समुचित प्रयोग, मागबमोजिमको अत्यावश्यक औषधि र उपकरणको उत्पादन गर्नु नियमन प्रणाली सुदृढिकरण गर्नु चुनौतिपूर्ण छ। सामाजिक क्षेत्रमा रहेका कुरिती, अन्धविश्वास र सामाजिक कु-प्रथाको अन्त्य गर्नु, नसर्ने प्रकृतिका रोगहरूलाई न्यूनीकरण गर्नुका साथै भरपर्दो उपचारका लागि वित्तीय स्रोतको व्यवस्था, निःशुल्क रूपमा छरिएका सेवा सुविधाहरूलाई बीमाको दायराभित्र ल्याउनु, जेष्ठ नागरिकको स्वास्थ्य, वंशानुगत तथा जन्मजात रोगहरूको सम्बोधन, वातावरणीय तथा व्यवसायजन्य स्वास्थ्य, गुणस्तरीय औषधिको सर्वसुलभ उपलव्धता तथा समुचित प्रयोग, विशिष्टीकृत प्रयोगशाला सेवा तथा उपकरणको सन्तुलित व्यवस्था गर्नु, विशेषज्ञ स्वास्थ्य जनशक्तिको सन्तुलित उत्पादन तथा वितरण

गर्नु, छात्रवृत्तिमा अध्ययन गरेका दक्ष जनशक्तिको पलायनलाई रोक्नु, व्यक्तिले स्वास्थ्य उपचारमा गरेको लगानी पहिचान गर्नु, निजी स्वास्थ्य प्रदायकले लिने सेवा शुल्कको निर्धारण तथा सेवा सुविधाको नियमन गर्नु पनि थप चुनौतिपूर्ण छ ।

**अवसर**

सबै जिल्लाहरु पूर्ण खोपयुक्त जिल्लाहरु घोषणा भई खोप दिगोपना र निरन्तरताका गतिविधिहरु अगाडी बढाईरहेका। प्रत्येक वडाहरुमा स्वास्थ्य संस्थाहरुको पहूँच बढाउने क्रम अन्तर्गत स्थानीय, प्रदेश र संघीय सरकारबाट आधारभूत स्वास्थ्य केन्द्रहरु, प्रसुती केन्द्रहरु, शहरी स्वास्थ्य केन्द्रहरु लगायतका संरचनाहरु तयार हुँदै जानु, मातृ तथा बाल स्वास्थ्य क्षेत्र सुधार गर्नको लागि जिल्ला स्थित अस्पतालहरुलाई सुविधासम्पन्न बनाउने कार्यनीति अनुरूप कार्यारम्भ हुनु अवसरको रुपमा रहेको छ ।

## ३. सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहूँचमार्फत् स्वस्थ सबल नागरिक विकास।

## ४. उद्देश्य

१. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहूँच अभिवृद्धि गराउनु।

२. स्वस्थ जनशक्ति तयार गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहूँच बढाउनु।

३. जनसंख्या, विकास र वातावरणबीच तादात्म्यता कायम गरी जनसंख्यालाई समग्र विकासको अभिन्न अंगको रूपमा व्यवस्थापन गर्नु।

## ५. रणनीति

१. स्वस्थ्य सेवासँग सम्बन्धीत आवश्यक प्रादेशिक नीति, कानुन, मापदण्ड बनाई प्रभावकारी रूपमा लागु गर्ने।

२. निःशुल्क आधारभूत स्वास्थ्य र सुरक्षित मातृत्व एवं प्रसूति सेवालाई अभियानका रूपमा संचालन गर्ने।

३. आधारभूत स्वास्थ्य सेवाको सहज पहूँचको लागि संस्थागत तथा अन्य व्यवस्था गर्ने/गराउने।

४. स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधिको संख्या क्रमशः वृद्धि गर्नुका साथै वितरण प्रणालीलाई सुदृढ गर्ने।

५. विशेषज्ञ सेवा सहितको मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरूलाई विस्तार गरी प्रभावकारी बनाउने।

६. स्वास्थ्य सेवा क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने।

७. प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुनःस्थापनामूलक सेवाहरूलाई प्राथमिक स्वास्थ्य सेवाको रूपमा सञ्चालन गर्ने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | नवजात शिशु मृत्युदर | प्रति हजारमा | - | ४१ | ३९ | ३७ | ३५ |
| २. | शिशु मृत्युदर | प्रति हजारमा जिवित जन्ममा | - | ५८ | ५६ | ५४ | ५२ |
| ३. | ५ बर्ष मुनिको बालबालिका मृत्युदर | प्रति हजारमा जिवित जन्ममा | - | ६९ | ६७ | ६५ | ६३ |
| ४. | परिवार नियोजनको साधन प्रयोगदर | प्रतिशत | - | ४८ | ४९ | ५० | ५१ |
| ५. | Unmet Need of Family Planning | प्रतिशत | - | २१ | २० | १९ | १८ |
| ६. | कुल प्रजनन दर | संख्या | - | २ | १.९ | १.८ | १.७५ |
| ७. | Prevalence of anemia in children | प्रतिशत | - | ५० | ४८ | ४६ | ४४ |
| ८. | Prevalence of anemia in women | प्रतिशत | - | ३९ | ३८ | ३७ | ३६ |
| ९. | Percentage who have ever had blood pressure measured | प्रतिशत | - | ६९ | ७३ | ७७ | ८१ |
| १०. | पूर्ण खोप पाएका बच्चाहरुको प्रतिशत | प्रतिशत | - | ७६.१ | ७८ | ८० | ८२ |
| ११. | Growth Monitoring कभरेज | प्रतिशत | - | ७३ | ७५ | ७७ | ७९ |
| १२. | Iron Coverage ( गर्भवती महिलालाई ) | प्रतिशत | - | ५१.२ | ५३ | ५५ | ५७ |
| १३. | संस्थागत सुत्केरी हुने महिलाहरुको प्रतिशत | प्रतिशत | - | ६९ | ७३ | ७५ | ७७ |
| १४. | ४ पटक गर्भवती जांच (४ ANC visit as % of expected live births) | प्रतिशत | - | ५५ | ५७ | ५९ | ६१ |

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १५. | Institutional Delivery Conducted by SBA | | - | ६० | ६२ | ६४ | ६६ |
| १६. | क्षयरोगको उपचार सफल दर | | - | ८७ | ८८ | ८९ | ९० |

## ५.३ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति

### १. पृष्ठभूमी

नेपालको संविधानले महिलालाई लैङ्गिक भेदभावविना समान पैत्रिक सम्पत्ती माथिको हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने लगायतका मौलिक हकको प्रत्याभूति गरेको छ। यसैगरी समावेशिताको आधारमा राज्यका विभिन्न अङ्गहरूमा प्रतिनिधित्व गराउने व्यवस्था अनुरूप प्रदेश सभामा ३५.८ प्रतिशत र प्रदेश मन्त्रिपरिषद्मा २८.६ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ। घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानुनी आधार तयार भएको छ। लैङ्गिक हिंसामा परेकाहरूका लागि तत्काल उद्धार, औषधि उपचार, कानुनी सहायता तथा पुनर्स्थापनाका कार्यहरू भैरहेका छन् भने सुदुरपश्चिम प्रदेशमा मानव बेचविखन तथा लैंगिक हिंसामा परेका महिलाहरुका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र संचालनमा ल्याउने कार्यक्रम रहेको छ। नेपालको संविधानमा बालबालिकाको हक सम्बन्धी भएका व्यवस्था, नेपालद्वारा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धता अनुसारका बाल संरक्षण र बालविकास सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन्। सरकारले ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। ज्येष्ठ नागरिकहरुको मानवअधिकारको संरक्षणका लागि यस प्रदेशमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको सुदृढीकरण गर्नु आवश्यक रहेको छ । जनसङ्ख्याको ३.०५ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन्। मन्त्रालयमा अपाङ्गता सहायता कक्ष संचालनमा आएको तथा अपाङ्गता सहायक सामग्री वितरणको व्यवस्था भएको छ।

### २. चुनौति तथा अवसर

### चुनौति

बालबालिका र किशोरकिशोरीहरूले आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, बाल न्यायप्रणाली तथा बालमैत्री स्थानीय शासन पद्धतिलाई व्यवहारमा पूर्ण रूपमा उतार्नु र बालिका तथा किशोरीमाथि हुने हिंसा एवम् परम्परागत हानिकारक प्रथा तथा प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु, समाजमा पितृसत्तात्मक सोच अझै कायम रहनु, महिलालाई विकासका सबै चरणहरूमा सारभूत सहभागिता

गराउनु, महिलाको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा समावेश गर्नु, , ज्येष्ठ नागरिकहरूमा रहेका विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थित गर्नु, जोखिममा रहेका जेष्ठ नागरिकहरुको पुनर्स्थापना गर्नु, भौतिक संरचना, यातायात, शिक्षा, स्वास्थ्यलाई अपाङ्गमैत्री तथा संवेदनशील बनाउनु, अपांगता भएका बालबालिकाहरुको संरक्षण तथा पुनर्स्थापना गर्नु यस क्षेत्रका चुनौतिहरू हुन्।

**अवसर**

राज्यको राजनीतिक तथा प्रशासनिक संरचना लगायतका अन्य क्षेत्रमा महिलाहरुको सहभागितामा वृद्धि हुनु, घरेलु हिंसा, बहुविवाह, बाल विवाह, छाउपडी प्रथा विरुद्ध समुदायस्तरमा चेतना अभिवृद्धि हुनु, आर्थिक र सामाजिक क्षेत्रमा महिलाहरुको सहभागिता वृद्धि हुनु, मातृ तथा बालमृत्युदरमा कमी हुनु, बाल क्लब, बालसञ्जालहरुको वृद्धि हुँदै जानु, बालबालिकाको विद्यालय शिक्षामा उल्लेख्य सहभागिता हुनु, स्थानीय तहमा बाल अधिकार तथा बालहित कार्यक्रम सञ्चालन हुनु, बालअधिकार प्रतिको सचेतनामा वृद्धि हुनु, बाल अधिकारका लागि सरकारी तथा गैरसरकारी संस्था र सरोकारवाला निकाय विच समन्वय हुनु, बालमैत्री स्थानीय तह घोषणा हुनु, जोखिम बालबालिकाको उद्धार, राहत तथा मनोविमर्श र पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनःस्थापनाको लागि बाल हेल्पलाइनको व्यवस्था हुनु, हराएका बालबालिकाको खोजतलास गर्न बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क टेलिफोन सेवा सञ्चालन हुनु, राज्यले जेष्ठ नागरिक बीमा कार्यक्रम संचालन गर्नु, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट ज्येष्ठ नागरिकको हितको क्षेत्रमा क्रियाशीलता बढ्दै जानु, संरचनाहरु अपाङ्गमैत्री बनाउनु पर्ने नीतिगत व्यवस्था हुनु, प्रशासनिक तथा राजनैतिक तहमा अपाङ्गहरुको प्रतिनिधित्व सुनिश्चत हुनु, अपाङ्ग सहायता सामाग्रीहरुको उत्पादन तथा वितरणको व्यवस्था हुनु, संघ, प्रदेश र स्थानीय सरकारहरुले अपाङ्ग हितको लागि संचालन गर्ने कार्यक्रमहरुमा वृद्धि हुँदै जानु यस क्षेत्रका अवसरहरु हुन्।

**३. सोच**

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुको अधिकारको संरक्षण मार्फत समतामूलक समाज निर्माण

**४. उद्देश्य**

१. बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु।

२. बालबालिका माथि हुने सबै प्रकारका भेदभाव, शोषण हिंसा, उपेक्षा तथा दुर्व्यवहारको अन्त्य गरी बालबालिकाको अधिकारको संरक्षण प्रवर्द्धन गर्नु।

३. महिला भएकै कारणबाट हुने लैङ्गिकतामा आधारित हिंसा एवं विभेद र बहिष्करणको अन्त्य गर्नु।

४. ज्येष्ठ नागरिकहरूको सहज जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु।

५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रदेशबाट प्रवाहित सेवामा पहूँच अभिवृद्धि गर्नु।

## ५. रणनीति

१. सबै वर्ग र क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउने।

२. अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारी, उद्यमशीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सिर्जना गर्ने।

३. प्रदेशका संरचनाहरु अपाङ्ग मैत्री बनाउने।

४. विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी प्रदेशस्तरमा जेष्ठ नागरिक ग्राम संचालन गर्ने।

५. लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्दै शासन प्रणालीको प्रत्येक चरण र विकास प्रक्रियाको सबै चक्रमा महिला, लैङ्गिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिको सहभागिता अभिवृद्धि गर्ने।

६. ग्रामीण क्षेत्रका महिलाहरूको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधारका लागि लक्षित संरक्षणात्मक, सेवामूलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | - | - | - | - | - |
| २. | महिला हकहित सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा | संख्या | - | - | २ | १ | १ |
| ३. | लैंगिक हिंसाका घटना न्यूनीकरण | संख्या | - | - | - | - | - |
| ४. | अन्तराष्ट्रिय सन्धी सम्झौता तथा प्रतिवद्धता सम्बन्धमा सचेतना तथा अभिमुखीकरण | संख्या | | ११ | १५ | १७ | १९ |
| ५. | औपचारिक क्षेत्रमा महिला सहभागिता | प्रतिशत | - | - | - | - | - |
| ६. | औपचारिक क्षेत्रमा महिला रोजगारी सिर्जना | संख्या | - | - | - | - | - |

| क.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| ७. | महिला उद्यमी | संख्या | - | - | - | - | - |
| ८. | अनाथ बालबालिकाको बालगृहमा पुनःस्थापना | संख्या | - | - | - | - | - |
| ९. | जोखिमपूर्ण अवस्थाबाट उद्धार तथा पुनःस्थापना गरिएका बालबालिका | संख्या हजारमा | - | - | - | - | - |
| १०. | बालगृहहरूलाई मापदण्ड अनुकूल बनाउने | संख्या | - | - | - | - | - |
| ११. | सहयोग प्राप्त सुस्त मनस्थिति केन्द्र स्थापना | संख्या | - | - | - | - | - |

## ५.४ युवा तथा खेलकूद

### १. पृष्ठभूमी

युवा राष्ट्रिय परिवर्तनको संवाहक हुन्। युवाशक्ति राष्ट्रशक्ति हो। युवाशक्ति युगशक्ति हो। युवाशक्ति समयशक्ति हो। कर्मशील युवा कुनै पनि राष्ट्रको भाग्यनिर्माता हुन्छ। उद्यमशील युवा नै उज्ज्वल भविष्यको आधारस्तभ हो। तर त्यसका लागि युवाहरू मानसिक, शारीरिक, संवेगात्मक र सामाजिक विकास भएको हुनु पर्दछ। तव मात्र युवाहरुले समाजका लागि आवश्यक सेवा गर्न सक्छन्। युवाहरुलाई चलायमान वनाउन आधार नै खेलकूद हो । युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एवम् समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह-अस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र सम्वर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन गर्नु आजको आवश्यकता देखिन्छ।

### २. चुनौति तथा अवसर

#### चुनौति

वर्षेनी श्रम वजारमा थपिने युवाहरुलाई रोजगारीको अवसर सिर्जना गर्नु, व्यावसायिक तालिमहरुको उपलब्धतामा वृद्धि गर्नु, औद्योगिक क्षेत्रको स्थापनाबाट वेरोजगारलाई रोजगारीको अवसर सिर्जना गर्नु , विप्रेषणबाट आएको रकमलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, विदेश पलायन रोकी मुलुकमै रोजगारीको

अवसर सिर्जना गर्नु, युवाहरुलाई रोजगारीमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई बेरोजगारी न्यून गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन्। युवा लक्षित कार्यक्रमहरुको वृद्धि गर्नु, सामाजिक आर्थिक क्षेत्रहरुमा युवाहरुको सहभागिता वृद्धि गर्नु, खेलकूद पूर्वाधार निर्माणको लागि लगानी बढाउनु, खेलाडी र प्रशिक्षकलाई समयसापेक्ष तालिम प्रदान गर्नु, अन्तर्राष्ट्रियस्तरका खेलकुद आयोजना गर्न पूर्वाधार विकास गर्नु, निजी क्षेत्रलाई खेलकूदप्रति आकर्षित गर्नु, राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक हासिल गरेका खेलाडीहरुलाई विशेष सुविधा उपलब्ध गराउनु युवा तथा खेलकूद क्षेत्रमा प्रमुख चुनौति रहेका छन्।

**अवसर**

शिक्षित र सीपयुक्त जनशक्ति विगतको तुलनामा वृद्धि हुदै जानु , विदेश गएर फर्किएका व्यक्तिहरु सीपयुक्त भै आफ्नै प्रदेशमा व्यवसाय संचालन गर्नु, स्वरोजगारीको विषयमा जनचेतना वृद्धि हुनु, आर्थिक रूपले सक्रिय जनशक्तिको वृद्धि हुदै जानुलाई श्रम तथा रोजगार क्षेत्रमा अवसरको रूपमा लिनुपर्दछ। देशमा विकास आयोजना, उद्योग संचालन गर्न प्रसस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, विदेशिने युवाहरुबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्र निर्भर रहनु, युवालाई राष्ट्र निर्माणमा मूलप्रवाह गर्ने सोच राजनैतिक पार्टी लगायत सरकारमा आउनु, युवामा आफ्नो भूमिका राष्ट्र निर्माणमा लगाउनुपर्छ भन्ने भावनामा अभिवृद्धि हुनुलाई अवसरको रूपमा लिनुपर्दछ। आम जनसमुदायको खेलप्रति रुची र आकर्षण बढ्नु, खेलकूदप्रति निजी क्षेत्रको चासो बढ्नु, विशेष गरी विद्यालयहरुले खेलकुदलाई शिक्षाको एक अंगको रूपमा स्थापित गर्नु, नेपाली खेल क्षेत्रको अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धि क्षमता वृद्धि हुँदै जानु ।

**३. सोच**

स्वस्थ, अनुशासित र सिर्जनशील युवाहरूको प्रदेश विकासमा सहभागिता

**४. उद्देश्य**

१. युवाको सीप तथा क्षमतालाई प्रस्फुटित पार्दै विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु।

२. युवालाई प्रदेश निर्माणको संवाहक बनाउनु।

३. खेललाई जीवनको एक अभिन्न पक्षको रूपमा विकास गर्नु।

४. सुदुर पश्चिम प्रदेशलाई खेल पर्यटनको गन्तव्यको रूपमा विकास गर्नु ।

**५. रणनीति**

१. प्रदेशको नीति निर्णयमा युवा सहभागिता बढाउने।

२. युवालाई दक्ष, सीपयुक्त, उद्यमशील र आत्मनिर्भर बनाउने।

३. खेलकूदको माध्यमबाट सामाजिक क्रियाकलापमा युवाहरुको सहभागिता बढाउने।

४. खेलकूदमा निजी क्षेत्रको संलग्नता बढाई खेलकूद पूर्वाधार र खेलको विकास गर्ने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | युवा अनुभव आदानप्रदान | जना | - | - | २१० | ३२० | ३५० |
| २. | ग्रामीण युवा उद्यम समूह निर्माण | संख्या | - | - | १०० | १०० | १०० |
| ३. | सीप तथा नेतृत्व विकास तालिम प्राप्त युवा | जना | - | - | २५०० | ३००० | ३५०० |
| ४. | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको आयोजना (जिल्ला र प्रदेशस्तर) | पटक | - | - | १२ | १२ | १२ |
| ५. | स्काउटर स्वयंसेवक परिचालन | संख्या | - | - | २००० | २१०० | २५०० |
| ६. | मुख्यमन्त्री प्रदेश स्वयंसेवक छनौट | संख्या | - | १९३ | १९३ | २०० | २०० |
| ७. | असल अभ्यासहरुको आदान प्रदान तथा समीक्षा | जना | - | - | १ | १ | १ |
| ८. | प्रदेश स्तरीय युवा सुचना केन्द्र स्थापना | वटा | - | ० | १ | १ | १ |
| ९. | प्रदेशस्तरिय युवा संसदको नमुना अभ्यास | पटक | - | - | ३ | ३ | ४ |
| १०. | युवाहरुको क्षमता प्रस्फुटनको लागि प्रदेशस्तरिय युवा सम्मेलनमा सहभागिता | जना | - | - | ५०० | १००० | १५०० |
| ११. | प्रदेशका नमुना युवा उद्यमीहरु पहिचान | जना | - | - | १०० | १५० | २०० |
| १२. | युवाको सीप तथा नेतृत्व विकास | जना | - | - | ५०० | ६०० | ७०० |
| १३. | युवा बैज्ञानिक प्रोत्साहन कार्यक्रमबाट लाभग्राही यूवा | जना | - | - | ५० | १०० | १५० |

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १४. | खेल मैदान निर्माण तथा स्तरोन्नोति | संख्या | - | - | ३२ | ३५ | ४० |
| १५. | सामुदायिक विद्यालयहरुका खेलकूद शिक्षकको क्षमता विकास | जना | - | - | ३०० | ५०० | ८५० |
| १६. | क्रिकेट मैदानको सरचना निर्माण | संख्या | - | - | २ | ३ | ३ |
| १७. | अन्तर प्रदेशस्तरीय मुख्यमन्त्री खेलकूद प्रतियोगिता | पटक | - | - | १ | १ | १ |
| १८. | रंगशालाको स्तरोउन्नति तथा संरचना सुधार | संख्या | - | - | ३ | ४ | ५ |
| १९. | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक प्राप्त गर्ने प्रदेश भित्रका सम्मानित खेलाडी | जना | - | - | ५० | ६० | ७० |
| २०. | खेलाडी कल्याणकारी कोष | संख्या | - | - | १ | १ | १ |
| २१. | साइकिलिङ्गका लागि सम्भाव्यता अध्ययन | संख्या | - | - | | | |
| २२. | प्रदेश स्तरीय खेलकूद प्रतियोगिता | पटक | - | - | १ | १ | १ |
| २३. | युवा तथा खेलकूद क्षेत्रमा अध्ययन अनुसन्धान तथा परार्मश | संख्या | - | - | १ | १ | १ |
| २४. | डकुमेन्ट्री विकास तथा प्रदर्शन प्रकाशन डिजिटाइजेसन | संख्या | - | - | ३ | ३ | ३ |
| २५. | रचना प्रतियोगिता तथा प्रकाशन | संख्या | - | - | ५ | ५ | ५ |
| २६. | प्रदेश स्तरीय प्रज्ञा प्रतिष्ठान स्थापना तथा संचालन | संख्या | - | - | १ | १ | १ |
| २७. | भाषा तथा संस्कृति सम्बन्धी सम्मेलन | पटक | - | - | १ | १ | १ |

| क.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| २८. | भाषा सस्कृती संरक्षणका लागि सुदृढीकृत पुस्तकालय | संख्या | - | - | २ | ४ | ५ |

## ५.५ श्रम तथा रोजगार

### १. पृष्ठभूमी

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी श्रम बजारको माग अनुरुप प्रदेशमा गरिबी निवारण र आर्थिक विकास गर्नु आजको आवश्यकता हो। प्रदेशभित्र आन्तरिक रोजगारी सिर्जना बाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त गर्न सीपमूलक तालिम, उद्यमशीलता विकास र स्वरोजगार कार्यक्रमहरुलाई प्रभावकारी तथा योजनावद्ध रुपले संचालन गर्न आवश्यक छ।

### २. चुनौति तथा अवसर

**चुनौति**

प्रदेशमा उपलब्ध श्रम, सीप र श्रम बजारको मागबीच तादात्म्यता कायम हुन नसक्नु, कामको सम्मान गर्ने संस्कृतिको विकास हुन नसुक्नु, अपेक्षित रूपमा उद्यमशीलता विकास भई रोजगारीको सृजना हुन नसक्नु, बाध्यात्मक रुपमा भारतीय श्रम बजारमा प्रवेश गर्न अवस्थाको विद्यमानता रहनु, बालश्रम निवारणका विभिन्न प्रयासका हुँदा पनि बालश्रम पूर्ण रूपमा निवारण हुन नसुक्नु, असल श्रम सम्बन्ध स्थापित भई रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु जस्ता समस्याहरु यस क्षेत्रमा विद्यमान छन्। उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्नु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु र श्रम तथा रोजगार सम्बन्धी प्रदेश स्तरमा नयाँ कानुन बनाउनु मुख्य चुनौतिका रूपमा रहेका छन्।

**अवसर**

प्राविधिक शिक्षा तथा सीपमूलक तालिमलाई प्राथमिकता दिइनु, न्यूनतम पारिश्रमिकको कानुनी व्यवस्था हुनु, शैक्षिक बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केकालाई ऋण सुविधा उपलब्ध गराउने व्यवस्था हुनु, तुलनात्मक लाभ रहेको र बढी रोजगारी सिर्जना हुने पर्यटन क्षेत्रमा युवाहरुलाई उत्प्रेरित र संलग्न गराउन आवश्यक तालिम सञ्चालन गरिनु, विभिन्न कलकारखाना तथा उद्योग प्रतिष्ठानहरुमा काम गर्ने श्रमिकहरुको तथ्याङ्क संकलन गरी श्रमिकहरुको प्रोफाइल तयार गरिनु यस क्षेत्रका मुख्य अवसरहरु हुन्।

## ३. सोच

यस प्रदेशका सबै नागरिकलाई मर्यादित र उत्पादनशिल रोजगारीका अवसरको उपलब्धता।

## ४. उद्देश्य

१. प्रदेशभर उत्पादनशील र मर्यादित रोजगारीका अवसर सिर्जना र विस्तार गर्नु।

२. असल श्रम सम्बन्धको विकास गर्नु।

३. सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु।

४. व्यवसायिक तथा सीपमूलक तालिम मार्फत स्वरोजगारीका अवसर विस्तार गर्नु।

## ५. रणनीति

१. श्रम तथा रोजगार सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा गर्ने।

२. आवश्यकताका आधारमा तालिम र सीप विकासद्धारा श्रमिकको दक्षता अभिवृद्धि गर्दै रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने।

३. प्रदेशका न्यूनतम रोजगारीको संवैधानिक हकको प्रत्याभूती कार्यान्वयन गर्न संघ तथा स्थानीय तहका साथै नीजि सहकारी र सामुदायिक क्षेत्रसँग समन्वय र सहाकार्य गर्ने।

४. रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा संघ र स्थानीय सरकारसँग प्रभावकारी समन्वय गर्ने।

## ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १. | व्यवसाय तथा रोजगारमूक तालिम | जना (हजारमा) | - | २.०४ | २.४ | २.५ | २.६ |
| २. | सञ्चालित तालिम कार्यक्रममा महिलाको अनुपात | प्रतिशत | - | ५५ | ५८ | ६० | ६५ |
| ३. | रोजगार सूचना केन्द्र स्थापना र संचालन | संख्या | - | १ | १ | १ | १ |
| ४. | रोजगारमूलक तालिम सम्बन्धी स्रोत व्यक्ति विकास | संख्या | - | ९५ | १२० | १४५ | १६५ |
| ५. | रोजगारदाताहरुको अभिलेख अद्यावधिक | संख्या | - | - | - | - | - |

| क्र.सं. | सूचक | एकाइ | २०७४/७५ सम्मको उपलब्धि | २०७५/७६ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| ६. | बालश्रम उन्मूलन | संख्या | - | N/A | - | - | - |

## ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. हजारमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | ऋण |
| २०७६/७७ | ४७०३०१७ | ३८०५४८१ | ८९७५३६ | - | १३५५४४६ | ३३४७५७१ | |
| २०७७/७८ | ४८६२०५८ | ३९१९६४५ | ९४२४१३ | - | १४१७१८३ | ३४४४८७५ | |
| २०७८/७९ | ५०३६१९२ | ४०३७२३५ | ९९८९५८ | - | १४८३७३५ | ३५५२४५७ | |

## ८. कार्यक्रम⁄आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | आधारभूत शिक्षा कार्यक्रम | सबै बालबालिकालाई प्रारम्भिक वाल शिक्षाको अनुभव सहित गुणस्तरीय आधारभूत शिक्षामा पहूँच | २०७६/०७७-२०७८/०७९ | १०९२० | | १.बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर वृद्धि भएको हुनेछ।<br>२. आधारभुत तहको टिकाउ दर, सिकाई उपलब्धि, लैङ्गिक अनुपात र उत्तिर्ण दर वृद्धि भएको तथा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या घटेको हुनेछ ।<br>३. विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार पुरा भएको हुनेछ। |

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | माध्यमिक शिक्षा कार्यक्रम | माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चता तथा गुणस्तर, जिवनपयोगी र प्रविधिमैत्री शिक्षा | २०७६/०७७-२०७८/०७९ | १२७४० | | १. माध्यमिक तहको टिकाउ दर, सिकाई उपलब्धि, लैङ्गिक अनुपात र उत्तिर्ण दर वृद्धि भएको हुनेछ। २. विद्यालयमा पुस्तकालय , प्रयोगशाला लगायतका न्यूनतम भौतिक पूर्वाधार पुरा भएको हुनेछ। |
| ७०७३७३५१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासमा समावेशी र समतामूलक पहूँच विस्तार र गुणस्तर सुनिश्चिता । | २०७६/०७७-२०७८/०७९ | १८००० | | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूमा छात्रावास निर्माण भएको हुनेछ।<br>प्राविधिक शिक्षा अध्ययनका लागि विपन्न वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका हुनेछन्।<br>प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम नीति , ऐन , कानुनहरू निर्माण भएको हुनेछ।<br>प्राविधिक शिक्षा प्राप्त गरेका विद्यार्थीहरूको रोजगारी प्राप्त गर्ने दर वृद्धि भएको हुनेछ।<br>प्रदेश स्तरमा बहुप्राविधिक शिक्षालय स्थापना भएको हुनेछ। |
| ७०७३७३५१ | उच्च शिक्षा | उच्च शिक्षालाई वैज्ञानिक , नवप्रवर्तनात्मक , अनुसन्धात्मक प्रविधि मैत्री र रोजगार मूलक बनाउने साथै उच्च शिक्षामा पहूँच तथा गुणस्तर अभिवृद्धि । | २०७६/०७७-२०७८/०७९ | १०९२० | | उच्च शिक्षा प्रदायक संस्थाहरूमा हुने अनुसन्धानात्मक कार्यको संख्यामा वृद्धि भएको हुनेछ।<br>प्रत्येक जिल्लामा कम्तिमा १/१ ओटा सुविधा सम्पन्न क्याम्पसको विकास भएको हुनेछ।<br>उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थि संख्या वृद्धि भएको हुनेछ।<br>प्रदेश विश्वविद्यालय र प्राविधिक विश्वविद्यालयको स्थापनाको लागि पूर्व तयारी पुरा भएको |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | हुनेछ। |
| ७०७३७३५१ | साक्षरता तथा जिवनपर्यन्त शिक्षा | सबै नागरिकका लागि जिवन पर्यन्त शिक्षाको अवसर सुनिश्चिता । | २०७६/०७७-२०७८/०७९ | ५४० | | १. साक्षर प्रदेश घोषणा भएको हुनेछ।<br>२. सामुदायिक सिकाई केन्द्रहरूबाट हुने जिवनपर्यन्त सिकाई क्रियाकलापमा वृद्धि भएको हुनेछ। |
| ७०७३७३५१ | विशेष शिक्षा | विभिन्न खालका अपाङ्गता भएका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षाको अवसरमा पहूँच सुनिश्चता । | २०७६/०७७-२०७८/०७९ | ७८० | | १.अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहूँच वृद्धि भएको हुनेछ।<br>२. स्रोतकक्षाहरुको सुदृढीकरण , स्रोत शिक्षकहरूको क्षमता अभिवृद्धि लगायतका कार्यहरुका लागि प्रदेश स्तरमा स्रोत केन्द्र स्थापना भएको हुनेछ।<br>३. आवासिय सुविधा प्राप्त गर्ने अपाङ्गता भएका बालबालिकाहरूको संख्या वृद्धि भएको हुनेछ। |
| ७०७३७३५१ | सार्वजनिक तथा सामुदायिक पुस्तकालय | नागरिकहरूको जिवन पर्यन्त सिकाई तथा स्व अध्ययनका लागि अवसर सिर्जना । | २०७६/०७७-२०७८/०७९ | ४५० | | प्रदेश भित्र स्थापना भई सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको भौतिक अवस्था सुधार , पुस्तकहरूको संख्यामा वृद्धि र अध्ययनकर्ताहरूको संख्या वृद्धि भएको हुनेछ। |
| | स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन | स्वास्थ्य संस्थाबाट निस्किने फोहोरमैलाको व्यवस्थापन गरि जोखिम न्यूनीकरण | आ.व. २०७५/७६ देखि आ.व. २०७७/७८ | | | स्वास्थ्य संस्थाहरुमा फोहोरमैलाको राम्रो व्यवथापन भएको हुनेछ |

| ब.उ.शी.नं. | कार्यक्रम / आयोजना | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | बाल स्वास्थ्य कार्यक्रम | बाल मृत्युदर न्युनीकरण तथा समग्र बाल स्वास्थ्यमा सुधार<br>नवजात शिशु संक्रमण रोकथाम<br>बिरामी शिशुहरुको रोग शिघ्र पहिचान र प्रेषण | सालबसालि | | | बाल मृत्युदर ६९ बाट घटेर ६३ प्रतिहजार पुगेको हुनेछ ।<br>नवजात शिशु मृत्युदर ४१ बाट घटेर ३५ भएको हुनेछ । |
